## विशेष इजलास

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री सुशीला कार्की,** रिट नं. ०६६-WS-००४३, संविधानसँग बाझिएका कानून अमान्य घोषित गरिपाऊँ, *अम्बरबहादुर राउत वि. गृह मन्त्रालय समेत*

न्यायिक प्रक्रियाको मेरूदण्ड, स्वतन्त्रता, सक्षमता, र निष्पक्षता नै हो । नागरिकहरूको न्यायमा सहज पहुँच तथा स्वच्छ र शीघ्र सुनुवाइले न्याय प्रणालीप्रति उनीहरूको विश्वास पलाउँछ । कुनै पनि निकाय वा अधिकारीले स्वतन्त्रतापूर्वक कार्य गर्नको लागि अन्य निकायको हस्तक्षेप वा दवाव विद्यमान रहनु हुँदैन । यसको लागि संस्थागत र कार्यात्मक दुबै स्वतन्त्रता आवश्यक पर्दछ । सक्षमतापूर्वक न्याय सम्पादनको लागि सम्बन्धित विषयवस्तु तथा सारभूत कानूनको ज्ञान, न्यायिक कार्यविधि सञ्चालनका लागि पर्याप्त अनुभव, तालीम आदिको जरूरत हुने ।

मुद्दाको प्रकृतिको दृष्टिकोणबाटै आधारभूत न्यायिक चरित्रअन्तर्गत पर्ने तथा स्वतन्त्र रूपमा स्वच्छ सुनुवाइ अवलम्बन गरिनु पर्ने एवं न्यायिक क्षेत्राधिकार कटौती वा बाहेक गर्ने कुरा स्वीकार्य हुनै नसक्ने आधारभूत विषयहरूको न्यायिक क्षेत्राधिकार प्रशासनिक अधिकारीलाई दिनु शक्ति पृथकीकरणको सिद्धान्तअनुरूप हुन नसक्ने ।

अदालत वा न्यायाधीशमाथि अन्य कसैको दवाव र हस्तक्षेपलाई स्वीकार गर्ने हो भने न्याय दुर्लभ बन्न पुग्दछ । कानून र न्यायका मान्य सिद्धान्तका आधारमा नभई पहुँच र प्रभावका आधारमा न्यायिक निर्णय आउने अवस्थामा अन्ततोगत्वा न्याय प्राप्त गर्ने नागरिक हक नै कुण्ठित हुने स्थिति सिर्जना हुन्छ । नागरिकको जीवन, स्वतन्त्रता र हक अधिकारसम्बन्धी महत्वपूर्ण विषयमा निर्णय गर्ने क्षेत्राधिकार भएको यस्तो निकाय वा अधिकारीलाई अरूको हस्तक्षेप, दवाव वा प्रभावमा राख्दा न्यायिक कार्यमा विचलन आउन सक्दछ । त्यसैले न्यायिक निकाय वा अधिकारीको हित रक्षार्थ नभई नागरिकहरूको न्याय प्राप्त गर्ने हकको सम्मान र सुनिश्चितताको लागि न्यायिक स्वतन्त्रताको अपरिहार्यता रहने ।

न्यायिक स्वतन्त्रताको अवधारणाको प्रत्यक्ष सम्बन्ध विधिको शासन र लोकतन्त्रसँग जोडिएको छ । जीवन्त र व्यावहारिक लोकतान्त्रिक पद्धतिको अस्तित्व कायम राखिराख्नको लागि न्यायिक स्वतन्त्रता अपरिहार्य तत्व हो । विधिको शासन कायम राख्नको लागि न्यायिक निकायलाई कार्यपालिकालगायतका राज्यका अन्य निकाय वा पदाधिकारीबाट स्वतन्त्र राख्नै पर्ने ।

प्रमुख जिल्ला अधिकारी कार्यपालिकाको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा काम गर्ने प्रशासनिक अधिकारी हो । कार्यपालिकीय संरचनाको महत्वपूर्ण अवयव वा पद्धतिभित्र रहेको जिल्ला प्रशासन कार्यालय र प्रमुख जिल्ला अधिकारीको सरकारभन्दा पृथक र स्वतन्त्र अस्तित्वको खोजी गर्न तथा सो भन्दा अलग भूमिकाको अपेक्षा गर्न सकिँदैन । जिल्लाको प्रशासनिक प्रमुखका रूपमा सरकारको उपस्थितिको प्रतीकका रूपमा रहेको प्रमुख जिल्ला अधिकारीले सरकारको नीति निर्देशनभन्दा बाहिर गई काम गर्नसक्ने अवस्थाको परिकल्पना हुनै नसक्ने ।

व्यक्तिलाई असीमित कैद गर्ने न्यायिक क्षेत्राधिकार सरकारको प्रशासनिक अधिकारीलाई दिइएको यस स्थितिबाट अल्पमतमा रहेका नागरिकहरूको हक अधिकार राज्यका संयन्त्रबाटै दुरूपयोग हुनसक्ने सम्भावनालाई उजागर गरिरहेको हुँदा यस्तो अभ्यासलाई स्वतन्त्र न्यायपालिकाको मूल्य र मान्यताअनुरूप मान्न नसकिने ।

एक प्रकृतिको ज्ञान, अनुभव, जिम्मेवारी र वातावरणमा रहेको अधिकारीबाट अर्को प्रकृतिको नतिजाको अपेक्षा गर्नु स्वाभाविक र विवेकसम्मत हुन सक्दैन । नियुक्तिका लागि कानूनी शिक्षा तथा कानून वा न्यायिक कार्यविधिसम्बन्धी आधारभूत तालीमको अनिवार्यता नहुने प्रमुख जिल्ला अधिकारीलगायतका प्रशासनिक अधिकारीहरूलाई गम्भीर प्रकृतिका फौजदारी मुद्दा सुनुवाई गरी कैद सजाय गर्ने क्षेत्राधिकार दिइएबाट निजहरूले सक्षमतापूर्वक न्यायिक कार्यसम्पादन गर्नसक्ने अवस्था नदेखिँने ।

कार्यपालिकाको सम्पूर्ण नियन्त्रण र निर्देशनमा रहने तथा न्यायिक चरित्रको अंश न्यून रहेको हुँदा प्रमुख जिल्ला अधिकारीलगायत प्रशासनिक

अधिकारीबाट प्रयोग हुने न्यायिक अधिकारक्षेत्रलाई स्वतन्त्र र सक्षम मान्न सकिने विवेकसम्मत आधार देखिन नआउने ।

सुरक्षा प्रशासनसम्बन्धी विषयमा कुनै न कुनै रूपमा प्रमुख जिल्ला अधिकारीको विभागीय पूर्वाग्रह रहने हुँदा निजलाई सुम्पिएका न्यायिक अधिकारक्षेत्र निष्पक्ष रूपमा सम्पादन हुन सक्ने अवस्था नरहने ।

न्यायको प्रशासन गर्न सक्ने गरी एउटा न्यायिक अधिकारीमा हुनुपर्ने योग्यताको अभाव रहेको अवस्थालाई पनि निष्पक्ष रहन नसक्ने स्थिति मान्नुपर्ने ।

कार्य प्रकृति, विशेषज्ञता र विभागीय उत्तरदायित्वसँग असम्बन्धित विषयमा पनि नियमित अदालत वा न्यायाधिकरणकै प्रतिस्थापन गर्ने गरी वा सो सरह व्यवहार गरी नितान्त प्रशासकीय प्रकृतिको काम गर्ने अधिकारीलाई असीमित वा व्यापक प्रकृतिको न्यायिक अधिकार सुम्पनु न्यायको मान्य सिद्धान्त एवं संवैधानिक व्यवस्था, अन्तर्राष्ट्रिय मान्यता र व्यावहारिकताको हिसाबले पनि मिल्दैन । त्यसैले त्यस्ता प्रशासकीय अधिकारीलाई छोटो अवधिको कैद वा जरीवाना हुने सामान्य किसिमको विभागीय कामकारवाहीसँग सम्बन्धित विषयका न्यायिक जवाफदेहीमा सीमित गर्नेतर्फ मुख्य विचार गर्नुपर्ने ।

कुनै पनि प्रशासनिक अधिकारीलाई न्यायिक क्षेत्राधिकार तोक्नु पूर्व सो विषयलाई न्यायिक क्षेत्राधिकारबाट पृथक राख्न पर्ने होइन भन्ने कुरामा ध्यान दिनुका साथै त्यस्तो अधिकारको दुरूपयोग हुन नपाउने अर्थात् स्वतन्त्र सक्षम र निष्पक्षतापूर्वक कार्य हुन सक्ने आधारभूत तथा न्यूनतम् मापदण्डहरूको सुनिश्चिततातर्फ समेत विधायिकाले गम्भीर ध्यान पुऱ्याउनु पर्ने ।

इजलास अधिकृतः नारायण सुवेदी

इति संवत् २०६८ साल असोज ५ गते रोज ५ शुभम् ।

२

**मा.न्या. श्री प्रेम शर्मा, मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** रि.नं. २०६७-WS-००२०, उत्प्रेषणयुक्त परमादेश समेत, *सुनील रञ्जन सिँह वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सर्वसाधारणले कुनै सरोकार नराख्ने वा सर्वसाधारणको हित वा स्वार्थमा कुनै प्रभाव नपार्ने प्रकृतिका जस्तोसुकै विषयहरूलाई सार्वजनिक हक र सरोकारको विषय मानी त्यसमा साधारण चासो वा जिज्ञासा वा प्राज्ञिक कौतुहल देखाई यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गतको न्यायिक प्रक्रिया आकर्षित गर्नु संवैधानिक प्रावधानको मनसायअनुकूल नदेखिने ।

राज्यको तर्फबाट आयोजना हुने औपचारिक समारोह, वा चाड पर्वहरूमा उपस्थित हुनुपर्ने पदाधिकारी वा व्यक्तिको पहिचान तथा त्यस्तो समारोह, वा पर्वहरूको मर्यादाको लागि पनि राज्यले निश्चित प्रकारको पोशाक निर्धारण गर्नसक्ने ।

विशेष समारोहका लागि निर्धारण गरिएको पोशाकलाई सर्वसाधारण सबै नेपाली नागरिकहरूका लागि अनिवार्य रूपले लगाउनु पर्ने प्रकृतिको पोशाक भनी अर्थ गर्न नमिल्ने ।

विभूषण पाएका निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका पदाधिकारी र विभूषण पाएका अन्य व्यक्तिहरूले राज्यको तर्फबाट आयोजना हुने समारोह, उत्सव वा पर्वहरूमा उपस्थित हुँदा के कस्तो पोशाक वा विभूषण लगाउने भन्ने सम्बन्धमा सम्बन्धित पदाधिकारी र व्यक्तिलाई जानकारी गराएको विषयले सर्वसाधारण नागरिक वा कुनै सर्वसाधारण जनसमुदायलाई प्रभाव वा असर पार्ने अवस्था नै नरहने हुँदा यस्तो विषय सार्वजनिक हक वा सरोकारको विषयको रूपमा यस अदालतको असाधारण न्यायिक प्रक्रियाअन्तर्गत समावेश हुने भनी मान्न मिल्ने नदेखिने ।

राष्ट्रिय पर्व र उत्सवहरूमा उपस्थित हुनुपर्ने विभूषण प्राप्त पदाधिकारी वा व्यक्तिले कस्तो र कुन पोशाक लगाउने भनी निर्धारण गर्ने विषय कार्यपालिकाको स्वविवेकीय अधिकारको साथै विशुद्ध नीतिगत क्षेत्रभित्रको विषय हुने ।

राष्ट्रिय पर्व र उत्सवहरूमा उपस्थित हुनुपर्ने पदाधिकारी र व्यक्तिले लगाउनु पर्ने भनी निर्धारण भएको पोशाकको व्यवस्था चीरकाल पर्यन्तसम्म अपरिवर्तनीय रहने भन्ने पनि हुँदैन । त्यसमा आवश्यकताअनुसार परिवर्तन गर्ने अधिकार मन्त्रिपरिषद्मा अन्तरनिहीत रहेकै हुन्छ । त्यसैले मन्त्रिपरिषद्ले राष्ट्रिय पर्व र उत्सवहरूको मर्यादा र

पहिचान समेतलाई दृष्टिगत गरी औचित्यलाई विचार गरी त्यस्ता पर्व र उत्सवमा उपस्थित हुनुपर्ने विभूषण प्राप्त पदाधिकारी र व्यक्तिलाई मात्र लक्षित गरी निर्धारण गरेको पोशाकको विषय न्यायिक हस्तक्षेपको विषय बन्न नसक्ने ।

**मा.न्या. श्री गिरीश चन्द्र लालको रायः**

कानूनको ज्ञान सबैले राख्नुपर्ने अनिवार्य भएको र निवेदक समेत भविष्यमा विभूषण पाउन सक्ने सम्भावना भएको नेपाली नागरिकहरू मध्येका होइनन् भन्न नसकिने कारणले पनि निजलाई नेपाली पोशाकबारे कुनै साक्षात वा परोक्ष सरोकार पर्ने बेलामा निजले कानूनको व्यवस्थालाई मान्नुपर्ने बाध्यता हुने हुनाले निजको नजरमा निजको आफ्नो वा देशको जुनसुकै भागमा बसोबास गर्ने नेपालीको रहन-सहन, भेषभूषा, सभ्यता-संस्कृति र इतिहासप्रति जागरूक हुनुलाई र राष्ट्रको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषताहरूलाई समष्टिगत रूपमा जोगाउन एवं प्रत्येक नागरिकको समानताको अधिकार संरक्षित हुनपर्ने उद्देश्यको लागि प्रयास गर्न निजको सरोकारको विषय होइन भनी भन्नु न्यायसम्मत हुन नसक्ने ।

विभूषण नियमावलीको नियम ३८ मा विभिन्न राष्ट्रिय पर्व वा उत्सवहरूमा उपस्थित हुँदा विभूषण पाएका निजामती, प्रहरी नेपाली सेना र अन्य पदाधिकारीहरू तथा व्यक्तिले लगाउनु पर्ने विभूषण र पोशाक नेपाल सरकारले तोकेबमोजिम हुनेछ भनी व्यवस्था गरेको पाइन्छ । यसबाट व्यक्तिहरूको हकमा समेत नेपाल सरकारले उपयुक्त पोशाक तोक्ने भए पनि नेपाली पोशाकको रूपमा नेपालको केही समुदायको लगाउने दौरा, सुरूवाल र टोपीलाई मात्र नेपाली पोशाकको रूपमा स्वीकार गर्नुको अर्थ अन्य सबै भेषभूषालाई अनेपाली घोषित गर्ने सरह हुन्छ । उक्त नियमावलीको व्यवस्थाले पोशाक तोक्न भने पनि नेपाली पोशाकको परिभाषा गर्न वा दौरा-सुरूवाल र टोपीलाई मात्र नेपाली पोशाकको रूपमा परिभाषित गर्न वा स्थापित गर्न भनेको भन्न समेत मिल्दैन । यसरी परिभाषित गर्दा नेपालमा बसोबास गर्ने विभिन्न समुदायको स्वाभिमानमा आघात हुन सक्ने र बहुजातीय, बहुभाषिक, एवं बहुसांस्कृतिक विशेषतायुक्त हाम्रो राष्ट्रिय एकता, अखण्डता तथा लोकतान्त्रिक मूल्य मान्यतामा खलल पुग्ने सम्भावना हुने भएकोले यस प्रकारको व्यवस्थालाई संविधान एवं कानूनसम्मत भन्न नसकिने ।

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम् ।

## पूर्ण इजलास

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** रिट नं. ०६७-WF-००३१, बन्दीप्रत्यक्षीकरण, *रामदेव यादव वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

नियमित वा सामान्य क्षेत्राधिकारको विकल्प असाधारण क्षेत्राधिकार होइन । असाधारण क्षेत्राधिकार सामान्य क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकार होइन । यसरी असाधारण क्षेत्राधिकारलाई साधारण क्षेत्राधिकारको पुनरावेदकीय क्षेत्राधिकारको रूपमा लिने हो भने साधारण क्षेत्राधिकार र असाधारण क्षेत्राधिकारबीचको अन्तर् नै मेटिन पुग्दछ र साधारण क्षेत्राधिकारको औचित्य नै समाप्त हुन जाने ।

बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्यको खोजी गर्ने कार्य गरिँदैन । बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्ने बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने गर्दछ । प्रस्तुत निवेदनको सन्दर्भमा निवेदक रामदेव यादवलाई मुद्दा पुर्पक्षको सिलसिलामा अ.वं. ११८ नं. को देहाय दफा ५ बमोजिम माग भएको धरौटी दाखिल गर्न नसकेपछि निवेदक थुनामा रहेको देखिन्छ । आफूउपर लगाएको अभियोग र आफूसँग धरौट माग गरिएको अ.वं. ११८ नं. को कानूनी व्यवस्था असंवैधानिक छ भनी निवेदकले चुनौती दिन नसकेको अवस्थामा उक्त कानूनबमोजिम निवेदकसँग धरौट माग गरेको र माग गरेको धरौटी दिन नसकेको कारणबाट निजलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने गरी मातहत अदालतबाट भएको आदेश असंवैधानिक तथा गैरकानूनी रहेको भन्ने देखिन नआउने ।

ललितपुर जिल्ला अदालतले अ.बं. ११८ नं. मा उल्लिखित कानूनी प्रक्रियाबमोजिम निवेदकसँग धरौट माग गरेको र माग गरिएको सो धरौटउपर निवेदकले चित्त नबुझाई अ.बं. ११८ को देहाय ११ तथा अ.बं. १७ नं. बमोजिम पुनरावेदन अदालत पाटनमा निवेदन गरेकोमा पुनरावेदन अदालत पाटनबाट समेत शुरू अदालतबाट माग भएको धरौट रकम कानूनसम्मत् रहेको भनी सामान्य कानूनी प्रक्रियाअन्तर्गत दुई तह अदालतबाट धरौटको अङ्कसम्बन्धी विषय टुङ्गो लागिसकेको देखिन्छ । यसरी मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरोपण भई टुङ्गो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था समेत अर्थहीन हुन जाने हुन्छ । तसर्थ क्षेत्राधिकारसम्पन्न अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निवेदकसँग माग भएको धरौटी रकम कानूनसम्मत् रहेको भनी पुनरावेदन अदालतबाट समेत सदर भई धरौटको अङ्कसम्बन्धी विवाद निरोपण भइसकेको देखिएको अवस्था हुँदा प्रस्तुत निवेदनको रोहबाट यस अदालतले विवादको तथ्यभित्र प्रवेश गरी धरौटीको अङ्क पुनरावलोकन गर्न नमिल्ने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य
कम्प्युटरः विकेश गुरागाई
इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा, मा.न्या. श्री प्रकाश वस्ती र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** रिट नं. ०६७-WF-००७, उत्प्रेषण समेत, *घनेन्द्रराज श्रेष्ठ वि. मन्त्री, श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

सरकारलाई भएको कुनै अधिकार मन्त्रिपरिषद् स्वयंले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै पदाधिकारीलाई प्रत्यायोजन नगरेसम्म त्यस्तो श्री ५ को सरकारलाई भएको अधिकारको प्रयोग मन्त्रिपरिषद्बाहेकको अन्य निकाय वा पदाधिकारीबाट हुनसक्ने देखिन नआउने ।

कार्यविभाजन नियमावली, २०५७ को अनुसूची २ को देहाय (१८) अन्तर्गत श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई वैदेशिक रोजगारसम्बन्धी कामको व्यवस्थापन गर्ने गरी सूचीकृत गरिएको कार्य विभाजनले ऐनको दफा २६ बमोजिम अधिकार प्रत्यायोजन भएसरहको हैसियत प्राप्त गरेको भन्ने अर्थ गर्न मिल्ने देखिदैन । कार्यविभाजन नियमावलीको उक्त अनुसूची २ को देहाय (१८) (६) को व्यवस्थाअन्तर्गत वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(१) को दण्डात्मक अधिकार समेत पर्दछ भनी व्याख्या गर्न नमिल्ने ।

कार्यविभाजन नियमावलीले श्रम तथा यातायात मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने भनी विषयगत कुराको वर्गीकरण गरी राखिदिएको विषयले तत्कालीन श्री ५ को सरकारलाई प्राप्त अधिकार समेत स्वतः प्रत्यायोजन गरेको मानिने हो भने ऐनको दफा २६ मा अधिकार प्रत्यायोजनसम्बन्धी छुट्टै व्यवस्था गरिरहनुको आवश्यकता र औचित्य नै नरहने ।

इजलास अधिकृतः विदुर कोइराला
कम्प्युटरः मुकुन्द विष्ट
इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।
यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- रिट नं. ०६७-WF-००८, उत्प्रेषण समेत, *मोहनदीप राणा वि. मन्त्री श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*
- रिट नं. ०६७-WF-००९ उत्प्रेषण समेत, *शान्ति आचार्य वि. श्रम तथा यातायात व्यवस्था मन्त्रालय समेत*

## संयुक्त इजलास

१

**स.प्र.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री सुशीला कार्की,** फौ.पु.नं. २०६७-CR-३०७, भ्रष्टाचार, *नेपाल सरकार वि. नन्दप्रसाद पौडेल समेत*

राष्ट्रसेवक कर्मचारीले आफ्नो पद र ओहदासम्बन्धी काम गर्दा आफ्नो जिम्मामा रहेको

सरकारी निकायको चलअचल सम्पत्ति लापरवाही वा बद्नियत वा जालसाजी गरी हिनामिना, नोक्सानी वा दुरूपयोग गरे गराएमा समेत दण्डनीय कसूर मानिने व्यवस्था भइरहेको पाइन्छ । सोबमोजिम कसैउपर सजाय गर्न त्यस्तो कार्यमा सो व्यक्तिको संलग्नता वा बद्नियत रहेको भन्ने कुराको पुष्टि हुने पर्याप्त आधार वा प्रमाणहरू विद्यमान हुनु पनि अनिवार्य हुने ।

कुनै भ्रष्टाचारजन्य कार्यमा कुनै व्यक्तिको संलग्नता रही त्यस्तो कार्यबाट निज स्वयम् वा अर्को कुनै व्यक्तिलाई गैरकानूनी लाभ पुग्न गएको देखिएमा वा कुनै सरकारी कार्यालय वा निकायको चल अचल सम्पत्ति गैरकानूनी रूपमा हानि नोक्सानी पुऱ्याएको देखिएमा मात्रै त्यस्तो कार्यमा सो राष्ट्रसेवकको बद्नियत रहेको मान्नुपर्ने ।

आफ्नो जिम्मामा भएका लेखासँग सम्बन्धित गोश्वारा भौचरलगायतका कागजातहरूमा निकासा भएको वास्तविक रकममा अङ्क थप गर्ने सच्याउने कार्यमा लेखापालको रूपमा कार्यरत् यी प्रतिवादी बाहेक अन्य व्यक्तिको संलग्नता रहने अवस्था सामान्यतः हुन सक्ने नदेखिने ।

इजलास अधिकृतः विदुर कोइराला

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल असार २८ गते रोज ३ शुभम् ।

२

**का.मु.स.प्र.न्या. श्री तपबहादुर मगर र मा.न्या. श्री भरतराज उप्रेती,** दे.पु.नं. २०६४-CI-०६८४, दर्ता तथा फैसला बदर हक कायम दर्ता, *श्यामबहादुर सारू वि. नरबहादुर सिँजाली मगर समेत*

साविक दर्ता स्रेस्ताबाट विवादको कि.नं. २१५६ को जग्गामा वादीको हकभोग देखिइरहेको अवस्थामा त्यस्तो कुनै हकको स्रोत वा सबूत प्रमाण बिना प्रतिवादी भरतबहादुरले गराएको नापी दर्ता दूषित देखिन आउँछ । प्रतिवादीले दूषित रूपमा विवादको जग्गा नापी दर्ता गराएको देखिन आएको हुँदा त्यस्तो दूषित दर्ताको विषयमा वादीलाई नालिस गर्ने हदम्यादको कारण देखाई न्याय दिन इन्कार गर्नु युक्तिसंगत नहुने ।

इजलास अधिकृतः मातृकाप्रसाद आचार्य

कम्प्युटरः विकेश गुरागाई

इति संवत् २०६८ साल जेठ ३० गते रोज २ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या. श्री भरतराज उप्रेती,** २०६३ सालको रिट नं. ३५३३, उत्प्रेषणयुक्त परमादेश, *रेखाकुमारी मित्तल माडवारी वि. राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, वीरगञ्ज समेत*

बोलपत्र प्रस्ताव आह्वानको सूचना टेण्डर, नोटिस, बिड नोटिस वा लिलामको सूचना वा यस्तै प्रकृतिका अन्य सूचनाहरूलाई प्रस्ताव मान्न सकिँदैन । यस्ता सूचनाको आधारमा प्रस्तावहरूको माग मात्र गरिने र यस्तो सूचनालाई नै कसैले स्वीकार गर्ने वा नगर्ने अवस्था समेत नहुने हुँदा यस्तो सूचनाको आधारमा मात्र पक्षहरू बीच करारीय दायित्वको सिर्जना हुन नसक्ने ।

सूचनामा उल्लेख गरिएको कुनै शर्तको आधारमा नै प्रस्ताव पेश भई उक्त प्रस्ताव स्वीकार गरिएपछि यस्तो सूचनामा उल्लिखित शर्त सो प्रस्तावको अभिन्न अङ्ग मानिन्छ र प्रस्तावकको विरूद्ध बाध्यात्मक रूपमा लागू हुन्छ । प्रस्ताव स्वीकार भएपछि मात्र पक्षहरू बीच कानूनी दायित्व सिर्जना हुने हुँदा स्वीकृत प्रस्तावअनुसारको काम प्रस्तावकले नगरेमा प्रस्तावको साथ पेश गरिएको अग्रीम धरौटी वा बिडबण्डको रकम जफत गरिलिने अधिकार प्रस्ताव स्वीकार गर्ने व्यक्तिले प्राप्त गर्ने ।

बोलपत्रदाताले बोलपत्र (प्रस्ताव) मा उल्लिखित शर्तहरू पूरै अमान्य गर्नुको साथै बोलपत्रबापतको रकम एकमुष्ट बुझाउन पर्ने र बोलपत्रबापत कुनै नयाँ कर्जा पनि उपलब्ध नगराउने शर्त राखी बोलपत्र स्वीकार गरेको देखियो । यसरी प्रस्तावका शर्तहरू इन्कार गर्नुको साथै बोलपत्र प्रस्तुत गर्दा बोलपत्रको रकम किस्ता किस्तामा बुझाउने र उक्त रकम बुझाउन बैंकले ऋण पनि दिनपर्ने शर्त राखेकोमा उक्त शर्तको विपरीत ऋण पनि उपलब्ध नगराउने र बोलपत्रमा कबूल गरिएको रकम एकमुष्ट बुझाउनु पर्ने शर्त राखी स्वीकृत गर्ने बैंकको निर्णयबाट बोलपत्रदाता (प्रस्तावक) ले जुन अर्थमा प्रस्ताव (बोलपत्र) प्रस्तुत गरेको हो, सोही अर्थमा विपक्षी

बैंकले उक्त बोलपत्र (प्रस्ताव) स्वीकार गरेको थियो भनी मान्न नसकिने ।

इजलास अधिकृतः दीपक खरेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको रिट नं. ०१२०, उत्प्रेषणयुक्त परमादेश, *गोविन्दप्रसाद रेग्मी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

रिट निवेदकले आफू अवकाश हुनुपूर्व नै मिति २०६६।७।२१ मा नै अस्थायी सेवा अवधि जोडाई सकेको देखिएको हुँदा अवकाशपछि प्राप्त हुने निवृत्तिभरणको प्रयोजनको लागि समाविष्ट नहुने भनी तर्क गर्नु मनासिब नहुने ।

पहिलेको सेवा अवधि निवृत्तिभरण प्रयोजनको लागि समेत जोडिन सक्ने कुरामा कुनै द्विविधा नरहेकोमा बढुवा प्रयोजनको जोडिएको सेवा अवधि निवृत्तिभरणको प्रयोजनको लागि जोड्न नमिल्ने भनी नेपाल सरकार (सचिवस्तर) बाट मिति २०६६।२।१२ मा गरेको निर्णय कानूनसम्मत् देखिन नआएको हुँदा उल्लिखित निर्णय उत्प्रेषणको आदेशबाट बदर हुने ।

इजलास अधिकृतः उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः मञ्जिता ढुङ्गाना

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

३

**मा.न्या. श्री बलराम के.सी. र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको रिट नं. ०३६१, उत्प्रेषणयुक्त परमादेश, *डा. रामानन्द यादव वि. अध्यक्ष ज्यू, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालय, कीर्तिपुर समेत*

कुन संस्थामा के कस्ता के कति दरबन्दी सिर्जना गर्ने वा कटौती गर्ने भन्ने विषय त्यो संस्थाको स्वायत्तताभित्रको नीतिगत विषय हो । जुन कुरा विषयको महत्व, संगठन वा संस्थामा कामको बोझ, आर्थिक अवस्था, प्रदान गरिने सेवा तथा विद्यार्थी संख्यालगायतका विषयमा अन्तरनिर्भर रहन्छ । यस्तो संस्थाको स्वायत्तताभित्रको नीतिगत विषयमा प्रवेश गरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गतको असाधारण अधिकारक्षेत्रअन्तर्गत न्यायिक परीक्षण भै यो यो दरवन्दी सिर्जना गर्नु भनेर भन्न नमिल्ने ।

हरेक विषयको उपल्लो पदमा बढुवाको लागि निश्चित निर्दिष्ट योग्यता र अनुभवको आवश्यकता पर्दछ त्यसै गरी सोही विषयमा उपल्लो पद (बढुवा हुने पद) खाली हुनुपर्ने अनिवार्य शर्त हो । यसरी रिक्त पदमा त्रि.वि.वि. को शिक्षक बढुवा हुने आधार र सिफारिशसम्बन्धी प्रक्रिया, २०६४ ले निर्दिष्ट गरेको कार्यविधिबमोजिम प्रक्रिया पुऱ्याई बढुवा गरिने हो । निवेदकसँग सम्बन्धित विषयमा पद रिक्त नभै सूचना नै प्रकाशित भएको देखिँदैन भने विज्ञापित विषयहरू माटो विषयभन्दा अलग विषय देखिन्छन् । निवेदकले अन्य विषयमा आफू पनि उम्मेद्वार बन्न योग्य रहेको र उम्मेद्वार नबनाएको भनेर भन्न सकेको समेत नदेखिएको अवस्थामा कसरी असमान व्यवहार भयो पुष्टि गर्न सकेको देखिँदैन । समानताको हक त समान वर्गबीच समान व्यवहार प्राप्त गर्ने हक हो । निवेदक र विज्ञापित पदमा योग्य रहने अन्य उम्मेद्वार स्वतः फरक-फरक वर्गका व्यक्ति देखिँदा अलग-अलग वर्गबीच अलग व्यवहार हुनु स्वाभाविकै हो यस स्थितिमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३(३) बमोजिम समानताको हकविपरीत भयो भन्न नमिल्ने ।

इजलास अधिकृतः विष्णुप्रसाद उपाध्याय

कम्प्युटरः मञ्जिता ढुंगाना

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

## इजलास नं. २

१

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री अवधेशकुमार यादव,** फौजदारी पुनरावेदन नं. ०६६-CR-०२३१, CR-०३००, कर्तव्य ज्यान, *सहवीर सापकोटा वि. नेपाल सरकार, नेपाल सरकार वि. देव खड्का समेत*

घटना वारदातका प्रत्यक्षदर्शी भनिएका सुनील राउत र अंकित मल्लको बकपत्रबाट यी प्रतिवादीहरूले मृतकलाई पक्री समाती मार्नलाई संयोग पारी दिएको भन्ने देखिँदैन । मृतकको शरीरमा पछाडि

ढाडमा एउटा ३ ईन्च गहिरो काटिएको घाउ बाहेक अन्य चोटपटक भएको लास प्रकृति मुचुल्काबाट देखिँदैन । वस्तुनिष्ठ प्रमाणको अभावमा यी प्रतिवादीहरू देव खड्का, सुरज रायमाझी, योगेश रायमाझी र रूपेन्द्र कार्कीले मृतकलाई पक्री समाई मार्नमा संयोग पारिदिएको भनी अर्थ गर्न नमिल्ने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६७ साल माघ ५ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** साधक नं. ०६६-RC-००६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. गणेशबहादुर भन्ने सोभियतमान सिंह राउत*

प्रतिवादीले मौकामा बयान गर्दा घटना हुनुभन्दा एक, डेढ घण्टाअगाडि हजुरआमाको घरतर्फ गै दायाँ बायाँ हेर्न गएँ । घरमा कोही नभएको जस्तो लागी घरबाट नाङ्गो खुकुरी साथमा लिई हजुरआमाको घर गएँ । हजुरआमा सुमित्रा खड्का पसल अगाडि पिँढीमा बस्नु भएको रहेछ म सीधै पसलभित्र छिरी बाक्साबाट नगद सुन निकाल्न लागेको मात्र थिएँ, हजुरआमाले चोर भनी कराउन थालेपछि हजुरआमाउपर साथमा लिई गएको खुकुरीले हातमा प्रहार गरी घाइते पारी भूईमा लडाई घाँटी तथा अनुहारमा अन्धाधुन्ध प्रहार गर्दै गएँ । घाँटीमा मात्र ६/७ चोटी प्रहार गरी छिनाउन मात्र बाँकी रहेको थियो । मृत्युपश्चात् पसलभित्र छिरी बाक्साको कब्जा खुकुरीले उप्काई औठी, मारवाडी, सिक्री र नगद समेत लुटी लगेको हुँ । हजुरआमाको कानको माडवारी चाँही हल्लाखल्लाले गर्दा निकाल्न छाडी दिएको थिएँ । रकम र नगद ढाडवारी मन्दिर वा देउथानको मन्दिर भएको तल्लो गह्राको कुनाको बीच भागमा खाल्डो देखी सोही खाल्डोमा २ ओटा ढुंगाले लुकाई छिपाई राखेको छ भन्ने समेत उल्लेख गरेको पाइयो । निज प्रतिवादीले उक्त बयान राजीखुशीले गरेको भन्ने उल्लेख गर्दै अभियोग दावीबमोजिम कसूर गरेकोमा पूर्णतया सावित भई अदालतमा समेत बयान गरेको देखिँदा प्रतिवादी कालीबहादुर, गणेशबहादुर भन्ने सोभियातमान सिँह राउतलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः विदुषी रायमाझी

इति सवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री सुशीला कार्की,** साधक नं. २०६६-CR-००६७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. राधेश्याम बडायक समेत*

मृतकलाई यी प्रतिवादीहरू समेतले घटना वारदातको राति बोलाई लगेको केही बेरपछि मार्‍यो भन्ने लोग्नेको आवाज आएकोले निजहरूले नै मारेका हुनसक्ने मृतकको पत्नी जानकीदेवीको बकपत्रमा उल्लेख हुनु, घटनापश्चात् यी प्रतिवादीहरू फरार रहिरहनु र फरार हुनुपर्ने अन्य कारण मिसिलबाट नदेखिएको अवस्थामा यी प्रतिवादीहरू निर्दोष रहेको भन्न सकिने अवस्था मिसिलबाट नदेखिँदा प्रतिवादीहरू राधेश्याम बडायक र गोविन्द चौधरीलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. अनुसार सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः दीपककुमार दाहाल

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६७ साल चैत ४ गते रोज ६ शुभम् ।

४

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको दे.पु.नं. १००८, निर्णय दर्ता बदर, *काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, गोंगबु जग्गा एकीकरण आयोजना वि. राजभाइ शाक्य समेत*

जग्गा प्राप्ति ऐन, २०३४ अनुसार जग्गा प्राप्त गरी काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समिति गोंगबु जग्गा एकीकरण आयोजनाको नाममा विवादित जग्गासहित आयोजनाको क्षेत्रका जग्गाहरू एकीकरण गरी मालपोत कार्यालयले आयोजनाको नाममा मिति २०५१।११।२३ मा गर्ने निर्णय गरी कि.नं. ११०६ क्षे.फ. २८१-७-२-१ जग्गा काठमाडौं नगरपालिका विकास आयोजनाको नाममा दर्ता स्रेस्ता कायम गरिसकेको अवस्थामा छ । यस्तो स्थितिमा आयोजनाको नाममा

आइसकेको जग्गा अन्य व्यक्तिको नाममा दर्ता गर्दा दर्तावाला पक्षलाई बुझ्ने सुनुवाइको मौका प्रदान गरी निर्णय गर्नुपर्नेमा मालपोत कार्यालय काठमाडौँले दर्तावाला काठमाडौँ उपत्यका नगर विकास आयोजनालाई सुनुवाइको मौका नदिई प्राकृतिक न्यायको सर्वमान्य सिद्धान्तको समेत पालन नगरी गरेको मालपोत कार्यालयको निर्णय बदर हुने ।
इजलास अधिकृतः लीलाराज अधिकारी
कम्प्युटरः रामशरण तिमिल्सिना
इति संवत् २०६८ साल साउन २५ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६४ सालको दे.पु.नं. १००९, निर्णय दर्ता बदर, *काठमाडौँ उपत्यका नगर विकास योजना कार्यान्वयन समिति, गोंगबु जग्गा एकीकरण आयोजना वि.न्हुच्छेमान महर्जन* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

५

**मा.न्या.श्री तपबहादुर मगर र मा.न्या. श्री कमलनारायण दास,** २०६२ सालको दे.पु.नं. ८११७, खिचोला मेटाई हक कायम समेत, *रत्नमाया महर्जन वि. नन्दबहादुर महर्जन*

भीम थकू र ठूलो कुम्हाचाबीच शे.ब. दिनुभन्दा पहिले नै अंशबण्डा भैसकेको भन्ने शे.ब.कै लिखतबाट स्पष्ट देखिएको, नन्दबहादुरले उल्लेख गरेका विभिन्न साविक लगतहरू भएको, निजले भूमिप्रशासन कार्यालयमा तिरो तिरेका रसिदहरू देखिएको, २ नं. अनुसूचीबमोजिमको लगतसमेत वादीकै नाउँमा प्रकाशित भैरहेको र तत्कालीन नापीको समयमा तयार पारिदिएको फिल्डबुकमा जग्गाधनी र किसानको व्यहोरामा समेत वादीकै नाम उल्लेख भएको देखिएको शे.ब. बाट भीम थकूंको सम्पूर्ण सम्पत्ति नमसिँहले पाएको र सोही बकसपत्रलाई आधार मानी दुबै पक्षले आ-आफ्नो जग्गा नापजाँच गराई भोगचलन गरेको र पुन थकूंको नाममा नापजाँच भएको जग्गाको हकमा पुन थकूंका हकवालाले आफ्ना नाममा नापजाँच गराएउपर कुनै दावी उजूर वा पुनरावेदन नगरी चित्त बुझाई बसेको समेत देखिँदा वादीले मालपोत कार्यालयमा दावी गरेका जग्गामध्ये कि.नं. ४०३ बाहेकको अन्य जग्गाहरूमा वादीको हक कायम नामसारी दर्ता समेत हुने ।
इजलास अधिकृतः हेमबहादुर सेन
कम्प्युटरः निर्मला भट्ट
इति संवत् २०६७ साल चैत १५ गते रोज ३ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री रामकुमारप्रसाद शाह,** ०६६-CR-०२४९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पप्पु अहिर समेत*

ज्यान मार्नाको मनसायले वारदात गरी कसैको ज्यान मर्न गएको र त्यसरी ज्यान मरेकोमा ज्यानसम्बन्धीको १३ नं. बमोजिम सजाय हुने अवस्था भए मात्र ज्यान मार्ने मतलबमा पस्ने अन्य व्यक्तिलाई सोही १७ नं. बमोजिम सजाय हुनसक्ने देखिन्छ । मुख्य अभियुक्त बनाएको व्यक्तिलाई सजाय नभएको अवस्थामा सोही वारदातमा मतलवीमा पसेका भनी अन्य व्यक्तिहरूलाई सजाय गर्न न्यायिक दृष्टिले युक्तिसंगत हुन नसक्ने ।

वादी पक्षले वारदात घटाउने भनी अभियोग लगाइएका मुख्य प्रतिवादी पप्पु अहिरले कसूर गरेको पुष्टि हुन नसकेको अवस्थामा सोही वारदात घटाउन मतलवीमा संलग्न रहेको भनी प्रतिवादी प्रेमा अहिरनी र सुमित्रा अहिरनीउपरको अभियोग विश्लेषण गरिएको ज्यानसम्बन्धी महलको कानूनी व्यवस्थाअनुरूप स्थापित भै सजाय हुन सक्ने अवस्थाको विद्यमानता नदेखिने ।
इजलास अधिकृतः गायत्रीप्रसाद रेग्मी
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल फागुन १० गते रोज ३ शुभम् ।

२

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** ०६७ सालको साधक नं.RC-०००४, कर्तव्य ज्यान, *नेपाल सरकार वि.सुवर्ण सम्शेर कुँवर*

भाउजू प्रभा कुँवरसँग गहिरो माया प्रेम बस्दै गएको र निजसँग पटक-पटक शारीरिक सम्बन्ध पनि भएकोमा सो कुरा दाजुले थाहा पाएकोले दाजुलाई सिध्याई भाउजूसँग रमाएर बस्ने सोचले दाजु गणेश

कुँवरमाथि खुकुरी प्रहार गरेको हुँ भनी प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मौकामा गरिदिएको बयान कागजबाट देखिन्छ। आफू र देवर सुवर्ण सम्शेरबीच माया प्रेम बसी शारीरिक सम्बन्ध समेत हुन गयो। सो कुरा मेरो श्रीमान्ले थाहा पाएकोले दाजु गणेशलाई किनारा लगाई मसँग जीवन बिताउने इच्छामुताविक मिति २०६४।५।१७ गते राति खाना खाई सुतेको अवस्थामा प्रतिवादी सुवर्ण सम्शेरले मेरो श्रीमान् गणेश कुँवरलाई खुकुरी प्रहार गरेको र सोही चोटका कारण गणेश कुँवरको मृत्यु भएको हो भनी प्रतिवादी प्रभा कुँवरले यी प्रतिवादी सुवर्ण सम्शेरलाई पोल गरी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरी अदालतसमक्ष भएको साविती बयान, सहप्रतिवादी प्रभा कुँवरको पोल बयान, घटनास्थल प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, बरामदी खुकुरीको सनाखत कागज, मृतककी छोरी एमा के.सी.को कागज र बुझिएका अम्बरबहादुर सिँजाली समेतको बयान कागजबाट यी प्रतिवादी सुवर्ण सम्शेरले धारिलो हतियार खुकुरी प्रहार गरी मृतक गणेशबहादुर कुँवरलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएबाट यी प्रतिवादी सुवर्ण सम्शेर कुँवरलाई अभियोग माग दावीअनुसार सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः बासुदेव पौडेल
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६८ साल जेठ २७ गते रोज ६ शुभम्।

३

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको CI-०४९५, निषेधाज्ञा, *पाँचु साह तेली समेत वि. जगदेव राय यादव समेत*

निवेदकले उल्लेख गरेको विवादित कि.नं. ८०६, ८०७, १०७, १०८४, र १०८५, को जग्गा निवेदकको निर्विवाद हक भोगभित्रका जग्गाहरू होइनन् भनी विपक्षीहरूले भन्न सकेको पाइँदैन। उल्लिखित कि.नं. का जग्गा र सोमा रहेका आँपका रूखहरूको विषयलाई लिएर निवेदक तथा विपक्षीहरू बीच विवाद भई शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन समेतले पहल गरी विवाद समाधान गर्नुपर्ने अवस्था सिर्जना भएको स्थितिमा विपक्षीहरूबाट निवेदकको नागरिक अधिकार ऐनद्वारा प्रदत्त अधिकारमा आघात पुऱ्याउने आशंका विद्यमान नरहेको भनी मान्न नसकिने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम्।

४

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६ सालको CI-०८५८, परमादेश, *जयन्ती शाह वि. इटहरी नगरपालिका कार्यालय, इटहरी*

विवादित कि.नं. २५१८ को जग्गा जसको सम्बन्धमा निवेदकले परमादेशको आदेश जारी गरिपाऊँ भनी निवेदन लिई आएका हो सो जग्गा बिक्री भई सोउपर सुनसरी जिल्ला अदालतमा मुद्दा परी कारवाहीयुक्त अवस्थामा रहेको र सो जग्गाको स्वामित्व हाल कायम स्रेस्तामा निवेदकको नाउँमा नरहेको भन्ने देखिन्छ। विवादित जग्गामा नगरपालिकाले ग्राभेल भरी बाटो समेत निर्माण गरी सकेको कुरा मिसिल संलग्न कागजातबाट देखिन आयो। निवेदकले जुन काम कार्य रोक्न नगरपालिकाको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ भन्ने माग गरेका हुन् सो काम सम्पन्न भई नै सकेको स्थितिमा आदेश जारी गर्नुको कुनै अर्थ हुँदैन। यसरी जग्गाको स्वामित्व निवेदकको नाउँमा हाल नरहेको भन्ने अवस्था तथा नगरपालिका एवं उपभोक्ता समितिले बाटो निर्माण गरिसकेको स्थितिमा निवेदकको मागअनुसार परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था नदेखिँदा निवेदन खारेज हुने।

इजलास अधिकृतः दयाराम ढकाल
कम्प्युटरः सुदीप पंज्ञानी
इति संवत् २०६७ साल पुस ८ गते रोज ५ शुभम्।

५

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको WO-११२८, उत्प्रेषण परमादेश, *अर्जुन थापा क्षेत्री वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

यस अदालतबाट कान्ती बाल अस्पताल विकास समिति गठन आदेश, २०४० को दफा (३) बमोजिम मनोनीत सदस्यको पदावधि २ वर्ष हुनेछ भनी व्यवस्था गरिएको अवस्थामा निवेदकको

कानूनबमोजिमको पदावधि बाँकी छँदै २०६७।१।१४ गतेको नेपाल सरकार मन्त्रीस्तरीय निर्णयानुसार निवेदकलाई उक्त अस्पताल विकास समितिको सदस्यबाट हटाउनु सो समिति गठन आदेश, २०४० को दफा (३) को विपरीत देखिएकोले निवेदकलाई हटाउने भनी भएको उक्त निर्णयबाट निवेदकलाई अपूरणीय क्षति हुन सक्ने भएबाट अर्को आदेश नभएसम्म निवेदकलाई सदस्यबाट हटाउने काम नगर्नु नगराउनु भनी मिति २०६७।२।२० मा अन्तरिम आदेश जारी भई सोही आधारमा यी निवेदक सो सदस्य पदमा कायम रहेकोमा सो अवधि नै व्यतीत भइसककेको देखिँदा रिट निवेनको औचित्य नै समाप्त भैसकेकोले हाल अरू विचार गरिरहन पर्ने नहुँदा प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल फागुन २९ गते रोज १ शुभम् ।

६

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको WO-०६७९, उत्प्रेषण, परमादेश, *पदमबहादुर कार्की वि. मालपोत कार्यालय, दोलखा समेत*

मालपोत कार्यालयबाट जग्गा प्रशासन निर्देशिकामा रहेको व्यवस्थाबमोजिम दरपीठ भएको र मालपोत ऐन, २०३४ को दफा ७ बमोजिम छूट जग्गा दर्ता गरी पाउन परेको निवेदनउपर गरेको निर्णयमा ऐ. ऐनको ३१ बमोजिम पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने व्यवस्था भएकोले कानूनमा वैकल्पिक उपचारको बाटो भएको स्थितिमा मौलिक हकको हनन् भएको भनी रिटको माध्यमबाट उपचारका लागि आउन नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दयाराम ढकाल

कम्प्युटरः विदुषी रायमाझी

७

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको साधक नं. RC-००८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कामी शेर्पा*

मृतक ढिकु शेर्पाले विवाहको लागि केटी खोजी दिन्छु भनी प्रतिवादीसँग पटक-पटक पैसा मागी लिएको, निज मृतकले यी प्रतिवादीलाई भनी खोजी दिएको केटी आफ्नो लोग्ने छ भनी प्रतिवादीसँग नबसी छोडी हिँडी गएको, तत्पश्चात् आफूसँग पटक पटक पैसा मागी खाई अर्काको श्रीमती भिराउने फुपूसँग पैसा माग्दा दिन नमानेकोले रिस उठी निजलाई मार्ने योजना बनाई खुकुरी लिई गई प्रतिवादीले मृतक ढिकु शेर्पाको टाउकोमा प्रहार गरी मारेको भन्ने देखिन्छ । तसर्थ मृतक ढिकु शेर्पालाई मार्ने मनसाय राखी योजना बनाई खुकुरी प्रयोग गरी यी प्रतिवादी कामी शेर्पाले मृतकलाई कर्तव्य गरेको भन्ने किटानी जाहेरी, अभियोगपत्र प्रतिवादीको साविती बयान, बरामदी मुचुल्का, सनाखत बयान र सर्जमीनका मानिसहरूको भनाई समेतका मिसिल संलग्न कागजातबाट पुष्टि हुन आएकोले अभियोग मागदावी बमोजिम प्रतिवादीलाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः बासुदेव पौडेल

कम्प्युटरः बेदना अधिकारी

इति संवत् २०६८ साल जेठ २७ गते रोज ६ शुभम् ।

८

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको स.फौं.पु.नं. CR-०२७४, बैंक ठगी, *नेपाल सरकार वि. रविकृष्ण जोशी समेत*

आई.बि.सी. अन्तर्गत इण्डियन बैंक गाजियावादबाट नेपालस्थित पार्टी स्वेतकाली मेटल इण्डष्ट्रिज, कालीमाटीका प्रोप्राइटर श्री तुयु शाक्यका नाउँमा आएका विल्टीहरूको रकम बैंकको नियमानुसार बैंकमा जम्मा गराएर मात्र विल्टीको ट्रान्सपोर्ट रिसिप्ट सम्बन्धित पार्टीलाई दिनुपर्नेमा सो नगरी प्रतिवादी श्यामबहादुर नापितले आफ्नो जिम्माको बिल्टी बिना बैंक दाखिला बिल्टी छुटाएको देखिएको, प्रतिवादी रविकृष्ण जोशीले विल्टीको सम्बन्धित रकम बैंकमा दाखिला नगरी ट्रान्सपोर्ट रिसिप्टमा सही गरी विल्टीहरू पार्टीलाई बुझाएको देखिएको र प्रतिवादी रत्नकाजी शाक्यले बिल्टीको रकम बुझाएको भनी भने तापनि तत्सम्बन्धी भौचर मिसिल संलग्न नदेखिएको तथा कसूरमा सावित भै प्रतिवादीहरूले बयान गरेको देखिएकोले प्रतिवादीहरूको उक्त कार्यले बैंकको रू. ५,४०,१७४।७३ हिनामिना भै प्रतिवादीहरूले अभियोग

दावीअनुसारको कसूर गरेको देखिँदा ठगी गरी लिएको रू. ५,४०,१७४।७३ प्रतिवादीहरूबाट नेपाल बैंक लि. कुपण्डोल शाखाले भराई लिन पाउने ठहर्छ। सजायको हकमा समेत कसूर गर्दाको अवस्थामा बहाल रहेको ऐनअनुसार प्रतिवादीहरूलाई जनही एक महिना पन्ध्र दिन कैद र रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृत: बासुदेव पौडेल

कम्प्युटर: बिपनादेवी मल्ल

इति संवत् २०६८ साल जेठ ३१ गते रोज ३ शुभम् ।

९

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको WO-०८८४, उत्प्रेषण समेत, *हिमालकुमारी खत्री समेत वि. मन्त्रिपरिषद् सचिवालय सिंहदरवार समेत*

विवादित कि.नं. ३ को जग्गा नेपाल सरकारको नाममा दर्ता गर्ने गरी भएको निर्णय र सोअनुरूप भएको दर्ता समेत बदर तथा हक कायम गराई माग्न साविक दर्ता स्रेस्ता र हक भोगको आधार प्रमाणसहित सम्बन्धित जिल्ला अदालतमा फिराद गर्न पाउने कानूनी अधिकार निवेदकलाई रहे भएकै देखियो। सोअनुरूप उपचारको वैकल्पिक मार्ग यी निवेदकहरूलाई हुँदाहुँदै सोतर्फ नलागी यस अदालतको असाधारण क्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन परेको पाइयो। संविधान तथा कानूनप्रदत्त हक अधिकारउपर कानूनविपरीत पर्ने असरबाट मर्का पर्ने पक्षले अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपाचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिई आउन सक्ने अधिकार नागरिकहरूलाई प्रदान गरेको पाइन्छ। तर यी निवेदकहरूले कानूनले निर्दिष्ट गरेको नियमित मार्गको अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद शर्मा

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०६७ साल पुस २३ गते रोज ६ शुभम् ।

१०

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६४ सालको WO-०७५०, उत्प्रेषण, *सुवोधराज नापित वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधान तथा कानूनप्रदत्त हक अधिकारउपर कानूनविपरीत पर्ने असरबाट मर्का पर्ने पक्षले अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि सो उपाचार अपर्याप्त वा प्रभावहीन देखिएको अवस्थामा मात्र सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत रिट निवेदन लिई आउन सक्ने अधिकार नागरिकलाई संविधानले प्रदान गरेको पाइन्छ। तर यी निवेदकले कानूनले निर्दिष्ट गरेको वैकल्पिक मार्गको अवलम्बन नगरी रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा असाधारण अधिकारक्षेत्रको प्रयोग गरी निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद शर्मा

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०६७ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६-WO-०६३०, उत्प्रेषण परमादेश, *अशोककुमार साह वि. प्रदीप साह समेत*

पुनरावेदन अदालत, जनकपुरबाट भएको मिति २०६६।८।५ को आदेश कानूनसम्मत् छ, छैन भन्ने सन्दर्भमा सो आदेश हेर्दा, "मिति २०६३।२।१६ को फैसलाको कार्यान्वयन गर्दा सबैलाई निकास हुने गरी नरमकरम मिलाई बण्डा गर्नुपर्नेमा सो अनुसार भएको नदेखिँदा र सो ठाउँमा निकासतर्फ घर निर्माण भएको भनी नक्सा समेत पेश भएको देखिँदा यस विषयमा जिल्ला न्यायाधीशले ध्यान दिई मनन् गरी सबैलाई निकास हुने किसिमबाट नरमगरम मिलाई कसरी बण्डा गर्दा न्यायोचित हुन्छ सो अनुसार गर्नुहोला" भन्ने पुनरावेदन अदालतबाट आदेश भएकोमा सो आदेशबाट निवेदकको कुनै हकमा असर पर्ने वा अंश घटी बढी हुने अवस्था नदेखिएको र निवेदक तथा सबै अंशियारलाई निकास समेत हुने गरी नरमकरम मिलाई फैसलाअनुसार पाउने बण्डा छुट्टयाउनेतर्फ ध्यान दिनु

भन्ने कथनबाट समान हैसियतका सबै अंशियारले समान किसिमबाट अंश बाटो निकास समेत पाउनु पर्ने समानताको आधारलाई नै अँगालेको देखिँदा उक्त आदेशबाट निवेदकको कुनै हकमा असर परेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल चैत २३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७-WO-०३९२, उत्प्रेषण/परमादेश, *कान्छी तामाङ वि. गृह मन्त्रालय समेत*

जिल्ला प्रशासन कार्यालयले निर्णय गर्दा आधार लिएको पुनरावेदन अदालत पाटनबाट निषेधाज्ञा परमादेश मुद्दामा भएको निर्णय हेर्दा सो निर्णयमा, "कानूनद्वारा अख्तियार प्राप्त अधिकारीले यस प्रकारको कानूनबमोजिमको कामकारवाही गर्नबाट रोक लगाउन मनासिब हुँदैन । तर त्यसको तात्पर्य बाबुले लिएको नागरिकताको विषयलाई लिएर नागरिकता लिने व्यक्ति वीरबहादुर तामाङको मृत्यु भई सकेपछि निजका छोरा नाताका व्यक्ति यी चतुरे तामाङलाई धरपकड गर्न मिल्ने अवस्था देखिँदैन" भन्ने उल्लेख गरी वीरबहादुर तामाङको नागरिकतासम्बन्धी छानबीनको सन्दर्भलाई लिएर निजको छोरा नाताका यी निवेदक चतुरे तामाङलाई पक्राउ गर्ने थुनामा राख्ने कार्य नगर्नु नगराउनु भन्ने आदेश भएको देखिँदा कानूनबमोजिमको नागरिकता छानबीन गर्ने सम्बन्धमा कार्य गर्न रोक लगाएको नदेखिएको र नागरिकता छानबीनको सन्दर्भलाई लिएर चतुरे तामाङलाई पक्राउ गर्ने थुनामा राख्ने कार्यसम्म नगर्नु भन्ने आदेश भएको देखिँदा सोही निर्णयको आधारमा प्रस्तुत मुद्दामा छानबीन गर्न नमिल्ने देखिएको भन्ने उल्लेख गरी निवेदन तामेलीमा राखी दिने गरी जिल्ला प्रशासन कार्यालय, काठमाडौँबाट मिति २०६७।५।२९ मा भएको निर्णय त्रुटिपूर्ण देखिँदा बदर गरी दिएको छ । अब नागरिकता सम्बन्धी ऐन, नियम र पुनरावेदन अदालत, पाटनबाट भएको मिति २०६७।१।१५ को निर्णयबमोजिम गर्नु भनी विपक्षीहरूको नाममा परमादेश समेत जारी हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल फागुन २३ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री तर्कराज भट्ट,** ०६५-WO-०१४७, उत्प्रेषण परमादेश, *विष्णुदेवी श्रेष्ठ वि. मालपोत कार्यालय, डिल्लीबजार समेत*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ज बमोजिम जग्गाको पञ्चकृर्ते मूल्याङ्कन गरी मूल्य कायम भएको अवस्थामा मूल्याङ्कन कम भएको भन्ने निवेदन जिकीर कानूनसम्मत् देखिन आएन । साथै सो कि.नं. १३४९ का संयुक्त दर्ताका विष्णुभक्त श्रेष्ठले मोहीबाट प्राप्त रकममध्ये आफ्नो हिस्सामा पर्ने रकम बुझी सकेको रहेछ । संयुक्त दर्तावाला दुई जनामध्ये एकजनाले भूमिसुधार अधिकारीको उक्त निर्णय स्वीकार गरी आफ्नो भागमा पर्ने रकम बुझी सकेको हुनाले निर्णय कार्यान्वयन भैसकेको साथै निवेदिकाले निज विष्णुभक्त श्रेष्ठलाई निवेदनमा विपक्षी बनाएको समेत देखिन आएन । जग्गा नै बाँडफाँड गर्न उपयुक्त हुन्छ भन्नेतर्फ पनि निवेदकको जिकीर रहेको देखिएन । जग्गा बाँडफाँड गरिपाऊँ भन्ने मोहीको निवेदन परेकोमा निवेदक समेतलाई बुझी निर्णय गरेको देखिँदा निवेदकलाई बुझ्दै नबुझी निर्णय गरेको भन्ने पनि देखिन आएन । भूमिसुधार अधिकारीको मिति २०६३।८।४ को निर्णयउपरमा निवेदकले मिति २०६५।५।२७ मा निर्णय कार्यान्वयन भैसकेपछि मात्र प्रस्तुत रिट निवेदन परेको देखिनाले यतिका विलम्ब गरी निवेदन दिनु परेको कारण समेत निवेदनमा स्पष्ट गरेको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम
कम्प्युटरः विदुषी रायमाझी
इति संवत् २०६७ साल फागुन २६ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री रामकुमारप्रसाद शाह र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६-CR-०६०२, २०६७-RC-०००३, कर्तव्य ज्यान, *सञ्जय लोध वि. नेपाल सरकार, नेपाल सरकार वि. सञ्जय लोध*

प्रतिवादीले अदालतमा बयान गर्दा श्रीमती आफै झुण्डिई आत्महत्या गरेको हो भन्ने उल्लेख

गरेकोमा निजको कथनबमोजिम झुण्डिइरहेको अवस्थामा देख्ने व्यक्ति कोही रहेको मिसिलबाट देखिँदैन। निजको श्रीमतीले आत्महत्या गरेको भए हल्लाखल्ला गरी मानिसहरू भेला भई प्रहरीमा खबर गर्नुपर्ने थियो। प्रतिवादी एक्लैले देवाल फोडी भित्र पस्नुपर्ने अवस्था पत्यारलायक देखिँदैन। ढोका बन्द रहेको अवस्थामा प्रतिवादीले दिवाल फोडी लास भएको ठाउँमा गएको भन्ने पनि घटनास्थल प्रकृति मुचुल्काबाट देखिँदैन। मृतकले आत्महत्या गरेको अवस्था भए प्रहरीलाई खबर गरी जाँच मुचुल्का गरेपछि मात्र प्रहरीबाट लास लिई सद्गत गर्नुपर्नेमा सो नगरी लास जलाइएको देखिन्छ। सम्बन्धित प्रहरीलाई सूचना दिनुपर्ने अर्थात् लास जाँच (शव परीक्षण) गराउन नपर्ने उचित आधार कारण प्रतिवादीले आफ्नो र इन्कारी बयानमा देखाउन सकेको पाइदैन। प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान आफ्नो इच्छाविरूद्ध प्रहरीले कुटपीट गरी गराएको भन्ने दावी लिए पनि निजले अदालतमा घा जाँच गराई पाऊँ भनी निवेदन दिई घा जाँच गराई सो दावी पुष्टि गराएको समेत देखिँदैन। मृतकको आमा धर्मसाती लोधले अदालतमा बकपत्र गर्दा छोरीको घाँटी थिचिएको थियो र घाँटीमा नडको दाग थियो भनी बकपत्र गरिदिएको देखिएबाट समेत प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान पुष्टि भएकै देखिँदा निजलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्म कैद हुने।

इजलास अधिकृतः हरिश्चन्द्र इङ्नाम

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ बैशाख २१ गते रोज ४ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७-CR-००८१, CR-१८३, कर्तव्य ज्यान, *बीर्खबहादुर बस्नेत वि. नेपाल सरकार, डिल्लीबहादुर भन्ने परिमल बस्नेत वि. नेपाल सरकार*

यी प्रतिवादीले मृतकलाई टाउको जस्तो संवेदनशील अङ्गमा ढुंगाले प्रहार गरी भूईमा लडेपछि पनि लाठीले शरीरको खुट्टालगायत विभिन्न भागमा हानेको कारण मृतकको मृत्यु भएको अवस्थामा भवितव्यको कसूर कायम गर्नसक्ने अवस्था भएन। निजले अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसूर अपराध गरेको सिद्ध हुने।

यी प्रतिवादी बीर्खबहादुरले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पनि परिमल बस्नेतले टाउकोमा ढुंगाले हानी मृतक भीमबहादुर रोकाया जमीनमा लडेपछि मैले पनि लात मुक्काले हानेको हो भनी उल्लेख गरी वारदात स्थलमा उपस्थित भएको कुरालाई सम्म स्वीकार गरेको देखिन्छ। अर्थात् यी प्रतिवादीले लात मुक्काले मृतकलाई प्रहार गरी मार्ने कार्यमा सँगसाथ रही सहयोग एवं संयोग पुऱ्याएको कारणबाट पुष्टि भएको देखिएकोले पुनरावेदन जिकीरबमोजिम अभियोग दावीबाट सफाइ पाउन सक्ने अवस्था देखिएन। निजले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिम कसूर अपराध गरेको पुष्टि हुने।

यी प्रतिवादी र मृतकबीच मार्नुपर्नेसम्मको पूर्व रिसइवी भएको नदेखिएको, पैसा चोरीको विषयमा विवाद भई कुटपीट भएको देखिएको र मृतक मरिसकेपछि पनि यी प्रतिवादीहरू भागी बेपत्ता नभई अनुसन्धानको क्रममा सत्य तथ्य उल्लेख गरी अनुसन्धान कार्यमा सहयोग पुऱ्याएको समेत देखिँदा यी प्रतिवादीलाई अभियोग दावीबमोजिम सर्वश्वसहित जन्मकैद तथा जन्मकैदको सजाय गर्दा चर्को पर्ने र जनही कैद वर्ष एघार (११) गर्दा पनि सजायको उद्देश्य पूरा हुने हुँदा प्रतिवादीहरू डिल्लीबहादुर भन्ने परिमल बस्नेत र बिर्खबहादुर बस्नेतलाई जनही कैद वर्ष एघार (११) गर्ने गरी पुनरावेदन अदालतबाट अ.बं. १८८ नं. बमोजिम व्यक्त राय मनासिब हुँदा सदर हुने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम्।

२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६७-CR-०५५५, २०६६-CR-०३९६ लागू औषध (खैरो हेरोइन), जीवनाथ भन्ने *पुष्पराज अधिकारी*

*वि. नेपाल सरकार, नेपाल सरकार वि.शैलेन्द्र भन्ने शैलेन ढकाल*

आफूले सेवन गर्न मात्र लागू औषध ल्याएको हुँ भनी अदालतसमक्ष बयान गरी यस अदालतमा समेत सोही व्यहोराको पुनरावेदन जिकीर लिएको देखिए तापनि मौकामा निजैले बयान कागज गर्दा भारतबाट खरीद गरी ल्याई कोठामा राखेको अवस्थामा सो लागू औषध बरामद भएको भनी सावित भएको र निजको कोठामा नाप तौल गर्न ढक, तराजु समेत फेला परेको हुँदा सेवन मात्र गर्न त्यति ठूलो परिमाणमा आफ्नो कोठामा लागू औषध राख्नुपर्ने सम्मको अवस्था नहुने र ढक, तराजु राख्न नपर्ने हुँदा सेवनतर्फको निजको जिकीर पत्यारलायक देखिएन। प्रतिवादी जीवनाथ भन्ने पुष्पराज अधिकारीले अभियोग दावीबमोजिम लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा ४(ङ)(च) को कसूर अपराध गरेको देखिने।

प्रतिवादी शैलेन ढकालको सँगसाथबाट लागू औषध बरामद भएको देखिँदैन। निजले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतमा बयान गर्दा समेत आरोपित कसूर गरेमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ। सहअभियुक्त पुष्पराज अधिकारीले अदालतसमक्ष बयान गर्दा यी प्रतिवादी शैलेन्द्र ढकाल आफूसँग पक्राउ नपरे, निजसँग पूर्व चिनजान पनि नभएको भनी उल्लेख गरेको देखिन्छ। बरामदी मुचुल्कामा उल्लेख गरिएको चुरोटभित्रको नोटमा लागू औषध फेला परेको भनी प्रमाणित भएको देखिँदैन। अभियोग लगाउन वादी पक्षले निर्विवाद रूपमा आफ्नो दावी प्रमाणित गराउन सक्नुपर्नेमा सो भएको नपाइएकोले यी प्रतिवादी शैलेन ढकाललाई कसूरदार ठहऱ्याउन नमिल्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम्।

३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-CR-२७५, CR-०४०४, कर्तव्य ज्यान, *रामबहादुर थापा भन्ने शशबहादुर विश्वकर्मा वि. नेपाल सरकार, नेपाल सरकार वि रामबहादुर थापा भन्ने शशबहादुर विश्वकर्मा*

साधारण लाठा, ढुङ्गा आदिको प्रयोगबाट पनि कर्तव्य गरी मारेको देखिने कतिपय अवस्थाहरू हुन सक्छन्। त्यसैले साधारण लाठा, ढुङ्गा आदिको प्रयोग भई मानिस मारिएको रहेछ भने स्वाभाविक रूपमा हरहालतमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. बमोजिमकै कसूर कायम गरी सजाय गर्नुपर्छ भनी अनिवार्य निष्कर्षमा पुग्न मिल्ने देखिन्न।

साधारण लाठा, ढुङ्गालाई आफैं जघन्य वा खतरनाक साधनको रूपमा लिन नसक्ने भए पनि तिनको प्रयोगको स्थिति, शैली र उत्पन्न परिणामले गम्भीर र खतरनाक बनाउन सक्छ। त्यसैले साधारण लाठा, ढुङ्गा, प्रयोग भएको भन्दैमा कसूरलाई साधारणीकरण गर्न नमिल्ने।

मृतकलाई नाक, मुख कानबाट रगत बगी मरणासन्न अवस्थामा पुऱ्याई छोडी गएको वारदातबाट देखिन्छ। यस्तो कसूरजन्य कार्यलाई ज्यानसम्बन्धी महलको १४ नं. अन्तर्गतको कसूर अपराध मान्न नमिल्ने भई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. अन्तर्गतको कसूर अपराध गरेको पुष्टि एवं प्रमाणित हुन आएकोले प्रतिवादीलाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरमा सोही नं. बमोजिम सजाय गर्नुपर्ने।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम्।

४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६६-CR-०७६४, २०६७-CR-००५६, CR-०८३९, कर्तव्य ज्यान, *रामबहादुर खड्का वि. नेपाल सरकार, गोविन्द खड्का वि. नेपाल सरकार, कविराम खड्का वि. नेपाल सरकार*

यी प्रतिवादीको मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान कागज अदालतसमक्षको बयान, जाहेरवाली वागमती के.सी., जयबहादुर महतरा, मोहनसिँ बोहराको कागज एवं बकपत्र लास जाँच रिपोर्ट, शव परीक्षण प्रतिवेदनलगायतका कागज प्रमाण समेतबाट यी प्रतिवादी कविराम खड्काले मृतकलाई टाउकोमा प्रहार गरी सोही चोटका कारण मृतकको मृत्यु भएको श्रृङ्खलावद्ध रूपमा पुष्टि हुने।

सहअभियुक्त कविराम खड्काको बयान, मौकामा कागज गर्ने व्यक्ति, जाहेरवालीलगायतको बकपत्र, यी प्रतिवादीको अदालतमा भएको बयान समेतबाट यी प्रतिवादीहरूले मृतकलाई समातेको र कुटपीट गरेको भन्ने कुरा पुष्टि हुन आए पनि यी प्रतिवादीहरूले यो यस हतियारले शरीरको यस भागमा प्रहार गरी घाइते बनाएका हुने भनी स्पष्ट खुल्न नआएको तर मृतकलाई समाती घेरा हाली मार्नलाई संयोग पारी मार्ने कार्यमा सहयोग पुऱ्याएको कुरालाई भने इन्कार गर्नसक्ने अवस्था नहुँदा यी प्रतिवादीहरू रामबहादुर खड्का, गोविन्द खड्काले मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(४) नं. बमोजिमको कसूर अपराध सिद्ध हुने ।

प्रतिवादी कविराम खड्काको उमेर, वारदातको प्रकृति, अनुसन्धान एवं न्याय सम्पादनको कार्यमा पुऱ्याएको सहयोग समेतलाई ध्यानमा राखी अभियोग दावीबमोजिम पूरा सजाय गर्दा चर्को पर्ने हुनाले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष १०(दश) हुने ।

मृतकको मृत्यु टाउकोमा भएको चोटको कारण भएको भनी लास जाँच प्रतिवेदनमा उल्लेख भएको तर टाउकोमा प्रतिवादी कविराम बाहेक अन्य व्यक्तिले प्रहार गरेको भन्ने खुल्न आएको नदेखिएको र मुख्य टाउकोमा प्रहार गर्ने प्रतिवादी कविराम खड्कालाई नै १० वर्ष कैद तोकेको अवस्था विचार गरी हेर्दा प्रतिवादी रामबहादुर खड्का र गोविन्द खड्कालाई अभियोग दावीबमोजिम पूरै सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम कैद वर्ष ६(छ) गर्दा पनि सजायको उद्देश्य पूरा हुने हुँदा जनही कैद वर्ष ६(छ) हुने ।

इजलास अधिकृतः नारायणप्रसाद पराजुली
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल बैशाख २८ गते रोज ४ शुभम् ।

५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री प्रेम शर्मा,** २०६७ सालको ०६७-CI-०२५४, अंश दर्ता, *सन्त साह कानू समेत वि. जमुना साह समेत*

जग्गा मोही बाँडफाँडबाट प्राप्त गरेको भए पनि सगोलमै रहेको अवस्थामा मोहीबाट प्राप्त भएको जग्गालाई बण्डा गर्न नमिल्ने भनी मान्न मिल्ने हुँदैन । मोही बाँडफाँडबाट प्राप्त गरेको जग्गा अन्यथा प्रमाणित नभएसम्म एकासगोलमा रहे भएकोले त्यस्तो जग्गा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकासगोलकै मान्नुपर्ने हुन आउँछ । मोही बाँडफाँडबाट प्राप्त भएकोले उक्त जग्गा बण्डा लाग्नु पर्ने होइन भनी पुनरावेदकले जिकीर लिए पनि सोको वस्तुनिष्ठ प्रमाण पुनरावेदक प्रतिवादी सन्त साह कानूबाट तायदाती विवरण पेश हुँदा समेत उल्लेख हुन सकेको देखिँदैन । मोही बाँडफाँडबाट प्राप्त भएको भनी भन्नु मात्र अंश नलाग्ने पर्याप्त आधार मान्न सकिँदैन । त्यस्तो मोही बाँडफाँडबाट प्राप्त भएको भन्ने प्रतिवादीको कथनलाई मात्र आधार मानी अंश नलाग्ने भनी न्यायिक निष्कर्षमा पुग्न न्याय, कानून र सिद्धान्तप्रतिकूल हुने ।

अर्का पुनरावेदक प्रतिवादी शर्माजी साह कानूनले निजका नाउँमा कायम रहेको कि.नं. २४२ र २४९ का जग्गाहरू निजी आर्जनको भएकाले बण्डा लाग्नुपर्ने होइन भनी पुनरावेदक जिकीर लिएपनि उक्त जग्गाहरू के कस्तो स्रोतबाट प्राप्त भै निजको एकलौटी हक लाग्ने निजी आर्जनको जग्गा हो भनी निजी आर्जन भएको भन्ने वस्तुनिष्ठ र भरपर्दो प्रमाण पेश गर्न सकेको देखिँदैन । वस्तुनिष्ठ र भरपर्दो प्रमाणबेगर प्रतिवादीको कथनलाई नै आधिकारिक मानी न्यायिक निष्कर्ष निकाल्न न्यायिक मान्यताविपरीत हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६७ साल चैत १६ गते रोज ४ शुभम् ।

६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. २९४१, उत्प्रेषण समेत, *रामनिवास अग्रवाल वि. नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय समेत*

२०५५ सालमा गरिएको लिलाम मुचुल्काबाट देखिएका विकल्पहरूलाई २०६१ सालसम्म निरन्तर रूपमा कायम राखी यी रिट निवेदकलाई कर्जा रकम चुक्ता गर्ने अवसरका रूपमा मौका प्रदान गरी २०६१ सालमा मात्र उक्त लिलाम बैंक स्वयंले सकार गरेको स्थिति विद्यमान रहेको देखिन्छ । २०६१ सालमा आएर विपक्षी बैंकले लिलाम सकार गरेको कुरामा देखादेखी

कुनै त्रुटि समेत भएको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०५९ सालको CR-३४०४, CR-३४३७, CR-२८५०, CR-२८४९, भ्रष्टाचार, *अर्जुन दाहाल वि. नेपाल सरकार, दिलप्रसाद दाहाल वि. नेपाल सरकार, कुलप्रसाद ढकाल वि. नेपाल सरकार, बमबहादुर सुनुवार ढकाल वि. नेपाल सरकार*

कुनै पनि वारदात घटित भएमा सामान्य अवस्थामा नजीक रहेका छिमेकी वा सर्वसाधारणसँग सहयोगको याचना गर्नु तथा सोको बारेमा सम्बन्धित निकायमा खबर गर्नुपर्ने देखिन्छ । वारदातको बारेमा सम्बन्धित निकाय भनेको आफ्नो तालुक कार्यालयका साथसाथै सम्बन्धित प्रहरी कार्यालयमा पनि खबर गरिनु पर्दछ । प्रहरीमा समयमै खबर गरी सहयोग नमागी आफ्नो तालुक कार्यालयमा मात्र खबर गरिएको अवस्थालाई सामान्य अवस्था मान्न सकिँदैन । प्रहरीमा समयमै खबर गर्न नसकिएको कुनै ठोस एवं विश्वसनीय प्रमाण गुजार्न समेत सकेको देखिँदैन । प्रस्तुत मुद्दामा वारदातपश्चात् माथिल्लो शाखामा खबर गरेको भए पनि तत्काल प्रहरीमा खबर गरी अभियुक्त पक्राउ गर्नेतर्फ कुनै पहल गर्न सकेको पाइएन । यदि डाँकाको वारदात घटेको हुन्थ्यो भने सो वारदातपश्चात् तत्काल डाँकाको प्रकृतिको घटनावली पनि देखिनु पर्नेमा सो समेत देखिन आएको थिएन । यस्तो आधारभूत रूपमै डाँकाको वारदात हुनको लागि आवश्यक पर्ने न्यूनतम् तथ्यहरू मौकैमा रहे भएको नदेखिएको अवस्थामा उक्त वारदातलाई डाँकाको वारदात हो भनी मान्न नमिल्ने ।

आफू जिम्मामा रहेको बैकको रकम राखेको ढुकुटीको चावी र रकमको संरक्षण गर्न सक्नुपर्नेमा सो नगरी प्रतिवादीहरूको उल्टो मिलेमतो गरी भ्रष्टाचार निवारण ऐनविपरीतको कसूर गरेको देखिने ।

इजलास अधिकृतः बिमल पौडेल

इति संवत् २०६८ साल बैशाख ६ गते रोज ३ शुभम् ।

८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६६ सालको ०७७०, कर्तव्य ज्यान, *धनकुमार राई वि. नेपाल सरकार*

मध्यरातको समयमा ज्यान मार्ने मनसायले कोही कसैले थाहा नपाउने गरी सहअभियुक्तको साथ मृतकको घरमा गई मृतक घर बाहिर निस्केको अवस्थामा आफ्नो कब्जामा लिई कुटपीट गर्दागर्दैका तत्कालका अवस्थामा मृतकको श्रीमतीले थाहा पाई जाँदा घटनास्थल छाडी भागको र सोही कुटपीटको चोटपीरका कारण मृत्यु भएको देखिँदा यी प्रतिवादी समेतले मृतकलाई मार्ने पहिलेदेखि नै षड्यन्त्र गरी सोहीबमोजिम वारदातमा घटाएको र मृत्यु समेत भएको अवस्थामा यी प्रतिवादीले अभियोग दावीको कसूरबाट उन्मुक्ति पाउन सक्ने अवस्था नदेखिने ।

प्रतिवादी समेतले मृतकलाई मार्ने मनसायपूर्ण कसूर अपराधको कार्य गरी मृतकको मृत्यु भएको प्रमाणित भई कर्तव्यबाट ज्यान मारेको देखिँदा धनकुमार राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुंगाना

इति संवत् २०६७ साल पुस २१ गते रोज ४ शुभम् ।

९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको CR-०५६४, CR-०६१२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोगबहादुर रावल, लोगबहादुर रावल वि. नेपाल सरकार*

कुटपीट गर्दा खास गरी पेटमा चोट परेमा पेटभित्र रहेको जाली Omentom मा चोट लागेमा त्यहाँ रगत जम्न सक्ने र पछि त्यसले सम्पूर्ण पेटभित्र Infection फैलाउन सक्छ र Septic Shock मा गएर मानिस मर्न सक्ने भन्ने उल्लेख भएको देखिन्छ । मृतकउपर कुटपीट हुनु पूर्व मृतक र प्रतिवादी दुबै सडकको कामका लागिरहेको र काममा लागेको कारण नै स्वस्थ्य रहेको सिद्ध हुन्छ । निज मृतकउपर कुटपीट भएपछि उपचारको क्रममा गएको र रगत जमी Infectoin बाट मृत्यु भएको देखिन्छ । मृतकउपर प्रतिवादीले कुटपीट गरेको कारण Septic Shock

हुन गएको र पछि Infection भै Infection फैलन गई मृत्यु हुने चिकित्सकको भनाई रहेबाट प्रतिवादीले मृतकलाई कुटपीट गरेको तथ्य स्थापित भएको देखिँदा कुटपीटको जरीयाबाट मृतक मानवीर कामीको मृत्यु भएको तर प्रतिवादीको मृतकलाई मार्नेसम्मको मनसाय वा कारण देखिन्न । ज्यानसम्बन्धी महलको ५ नं. र ६ नं.लाई हेर्दा इविलाग र मनसाय नभएको अवस्थामा आफूले गरेको कार्यबाट मानिस मर्ला जस्तो नदेखिएको तर सोही कारणबाट कसैको मृत्यु हुन गए भवितव्य हुने र त्यस्तो भवितव्य कुटपीटको कारणबाट पनि हुने देखिन्छ । प्रतिवादीको कुटपीटको चोटबाट मृतकको मृत्यु भएको र सो कुटपीटमा कुनै हातहतियारको प्रयोग नभएको मार्ने मनसायले तयारीका साथ कुटपीट नभएको यस्तो अवस्थामा प्रतिवादी लोगबहादुर रावललाई ज्यानसम्बन्धी महलको ५ नं. को कसूरमा ऐ.को दफा ६(४) नं. बमोजिम २(दुई) वर्ष कैद र रू. ५००।- जरीवाना हुने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६७ साल मंसिर १३ गते रोज २ शुभम् ।

१०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री अवधेशकुमार यादव,** २०६४ सालको CI-११३४, करारबमोजिमको दायित्व पूरा गराई पाऊँ, *विश्वनाथ अग्रवाल वि. शकुन्तला अग्रवाल*

प्रतिवादी कायम गरी तारेखमा रहेका व्यक्तिलाई वादी शकुन्तला अग्रवालले दायर गरेको पुनरावेदनमा पुनरावेदन अदालत बुटवलबाट निज विश्वनाथ अग्रवाललाई अ.बं. २०२ नं. बमोजिम झिकाउदै नझिकाई रोहबरमा प्रतिवादी खण्डमा सामेल समेत नगरी निजलाई असर पर्ने गरी शुरूको इन्साफ उल्टी गरेको देखिन आयो । यसरी प्रतिवादी कायम भैसकेका व्यक्तिलाई झिकाउँदै नझिकाई वा बुझ्दै नबुझी पुनरावेदन अदालतबाट भएको फैसला बेरीतपूर्ण देखिएकोले उक्त पुनरावेदन अदालत बुटवलको फैसला बदर गरिदिएको छ । अब यी पुनरावेदक विश्वनाथ अग्रवाललाई समेत विपक्षी कायम गरी जो बुझ्नु पर्ने आवश्यक हुन्छ बुझी पुनः निर्णय गर्नु भनी तारेखमा रहेका पक्ष विपक्षलाई पुनरावेदन अदालत बुटवलको तारेख तोकी मिसिल समेत सोही अदालतमा पठाई दिनु पर्ने ।

इजलास अधिकृतः श्रीप्रसाद सञ्जेल

कम्प्युटरः भवानी ढुङ्गाना

इति संवत् २०६७ साल फागुन ३० गते रोज २ शुभम् ।

११

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको ०६६-WO-०८०७, उत्प्रेषण समेत, *राजकिशोर साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २० बमोजिम नेपाल सरकारलाई प्राप्त अधिकार उक्त ऐनको दफा ९३ बमोजिम नेपाल सरकारबाट स्वास्थ्य सेवा विभागलाई प्रत्यायोजन भै उक्त अधिकार प्रत्यायोजनको सूचना नेपाल सरकार राजपत्रको भाग ५ खण्ड २९ अङ्क मिति २०६६।८।२९ मा प्रकाशित भएको भन्ने उल्लेख भएको र छैठौं तथा सातौं तहका कर्मचारीको सरूवा स्वास्थ्य सेवा विभागले गर्न पाउने अधिकार प्रत्यायोजन समेत भै राजपत्रमा २०६६।८।२९ मा नै प्रकाशित भएको देखिएको र निवेदकको सरूवा उक्त सूचना प्रकाशित भएपछि मिति २०६६।९।२३ मा भएको देखिँदा प्रत्यायोजित अधिकारको प्रयोग गरी विपक्षी स्वास्थ्य सेवा विभागबाट निवेदकलाई सरूवा गरेको कार्यलाई कानूनसम्मत मान्न मिल्ने नै देखियो । अतः प्रत्यायोजित अधिकारको प्रयोग गरी यी निवेदकलाई मिति २०६६।९।२३ मा स्वास्थ्य सेवा विभागबाट गरिएको सरूवा कार्य कानूनसम्मत् भै निजका हकमा संवैधानिक तथा कानूनी हक हनन् भएको स्थिति नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री गिरीश चन्द्र लाल,** २०६६ सालको ०६६-WO-१३०४, उत्प्रेषण परमादेश, *नरेशप्रसाद गुप्ता वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

निवेदक जिल्ला कार्य समिति महोत्तरीको ट्रेड यूनियनसँग आवद्ध भएको कारणबाट निजको सरूवा गर्दा ट्रेड यूनियन जिल्ला कार्य समितिको सहमति बिना सरूवा गर्न नपाइने भन्ने निवेदन जिकीरतर्फ हेर्दा निवेदक कार्यरत रहेको स्वास्थ्य सेवा ऐन, २०५३ ले स्वास्थ्य सेवालाई बढी सक्षम, सुदृढ सेवामूलक र उत्तरदायी बनाउन स्वास्थ्य सेवाको गठन, सञ्चालन र सेवाका शर्तसम्बन्धी छुट्टै कानूनको रूपमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ लागू भएको देखिन्छ । उक्त ऐनको कुनै पनि प्रावधानमा निवेदकले दावी गरेअनुरूपको ट्रेड यूनियनको व्यवस्था समेत भएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल माघ १२ गते रोज ४ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको ०६६-WO-१३१९, उत्प्रेषण परमादेश, *नथुनी साह वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ ।

१३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री सुशीला कार्की,** २०६६ सालको WO-०३३३, उत्प्रेषणयुक्त परमादेश, *ज्ञानबहादुर चौधरी वि. कृषि सामग्री कम्पनी लि. समेत*

निवेदकले स्वेच्छिक अवकाश लिएबापत कम्पनीले उपलब्ध गराएको थप वा अतिरिक्त सहुलियत अवकाश प्राप्त गर्ने कर्मचारीले कुनै कानूनको व्यवस्थाबमोजिम वा कम्पनीको विनियमावलीमा साविकदेखि उल्लेख भएको कारणले पाउने अवस्था नभएकोले यो अवकाश कोष वा सञ्चय कोषमा राखिने अधिकारस्वरूप दावी गर्न सकिने प्रकृतिको रकम हो भनी मान्न मिलेन । यस अवस्थामा कम्पनीले आफ्ना कर्मचारीलाई थप सुविधास्वरूप अवकाश प्राप्त जीवनको आर्थिक सुरक्षण हुने उद्देश्यले उपलब्ध गराएको रकममा आयकर ऐन, २०५८ को दफा ८८(१) बमोजिम उक्त सहुलियत रकममा मात्र १५ प्रतिशत कर कट्टी हुने गरी भएको निर्णय वेरीतपूर्वकको मान्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

इति संवत् २०६८ साल बैशाख २ गते रोज ६ शुभम् ।

१४

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको ०६७-RC-००६४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुरणप्रसाद कुमाल*

मृतकसँग आफ्नो गाउँले भाइ नाता पर्ने र निज मृतकले स्थानीय महिला पुरूषलाई भारत बजारस्थित नाम थाहा नभएको रानाको धान काट्नका निमित्त लेबर लैजाने र लेबरबापत प्राप्त हुने प्रतिदिन रू. ३०।- समेत १/२ जनालाई नदिएको विषयमा भनाभन भएको र दशैंको दिन मृतक बाघुराम कुमालसँग भनाभन गरेको देखी सम्झाउँदा मलाई एक थप्पड हानेको र चुन्नीलाल कुमाललाई समेत थप्पड हानेकोमा हानाहान हुँदा मृतकलाई मुक्का प्रहार गरेको हो । त्यसपछि मृतक घरतिर गएको र मृतकले हामीलाई मार्न बञ्चरो ल्याउँदै छ भनी रामु कुमालले बताएपछि मैले पनि घरमा गै गडासा कम्मरमा लुकाई मृतकको घरमा खोज खबर गर्दै मृतकको घरमा गै निज सुतेको अवस्थामा गडासाले घाँटी रेटेको भन्ने समेतको व्यहोरा उल्लेख गर्दै यी प्रतिवादी पुरणप्रसाद कुमालले अधिकारप्राप्त अधिकारीसमक्ष बयान दिएको देखिएबाट चुन्नीलालले हातगोडा समातेको र आफूले घरबाट लगी राखेको गडासाले घाँटी रेटी हत्या गरी मृतकको शरीरलाई सिरकले छोपी घरतर्फ गएको भनी सावित रही बयान गरेको र सोही व्यहोरा समर्थन हुने गरी अदालतमा समेत मृतकलाई आफूले गडासाले घाँटी रेटी मारेको भनी स्वीकार गरी बयान गरेको यस्तो अवस्थामा मृतक रामबहादुर कुमाललाई कर्तव्य गरी मार्नमा यी प्रतिवादी पुरणप्रसाद कुमालको मुख्य संलग्नता भएको स्पष्ट देखियो । गडासा जस्तो धारिलो हतियार प्रयोग गरी मृतकलाई मार्नुपर्ने सम्मको रिसइवी लिई एकपटक भनाभन भै सकेपछि सोही जरीयालाई कारण बनाई घरमा गै सुतिरहेका मृतकलाई मार्ने मनसाय लिई घरमा नै घाँटी रेटी हत्या गरेको यस्तो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. को कसूरअन्तर्गतको हुँदा ऐजनको १३(३) नं. बमोजिम निज प्रतिवादी पुरणप्रसाद कुमाललाई सर्वश्वसहित जन्मकैदको सजाय हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१५

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६७ सालको ०६७-RC-००५८, कर्तव्य ज्यान, *नेपाल सरकार वि.बालसिँह सुनार*

केटीको पछि लागेको भनी मृतक श्रीमतीले वारदातको समयमा भनेको र सोही रिसले मृतकलाई मुक्का प्रहार गर्दा निज ढली घटनास्थलमा नै मृत्यु भएको भनी प्रतिवादीले बयान गरे पनि भूईमा ढली पछि निजलाई बचाउनेतर्फ कुनै प्रयत्न नै नगरी निजको ज्यान मार्ने नियतले नै डोरी खोजी डोरीले बाँधी बलोमा झुण्ड्याई छाडी कसूरबाट बच्न सकिन्छ कि भनी श्रीमती हराएको भनी आपराधिक दायित्वबाट उन्मुक्ति पाउने बहानामा घर छाडी हिँडेको भनी प्रतिवादीले कर्तव्य गरी मारेकोमा सावित रही बयान गरेको, सोही बयानलाई अदालतमा आई बयान गर्दा समर्थन हुने गरी बयान गरेको एवं मृतक र प्रतिवादीहरूका बीच वारदात हुनुभन्दा अघि पनि भनाभन झगडा भै प्रतिवादीले मृतकलाई कुट्ने गरेको भनी मौकामा कागज गर्ने व्यक्तिहरूले लेखाई दिएको आधार प्रमाणबाट यी प्रतिवादीले श्रीमतीले गाली गरेको कारण बनाई निजको कर्तव्य गरी मारेको पुष्टि हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६८ साल असार ३१ गते रोज ६ शुभम् ।

१६

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५ सालको साधक नं.RC-००१२, CR-०१३७, कर्तव्य ज्यान, *नेपाल सरकार वि.नरेन्द्र भण्डारी समेत*

ज्यानसम्बन्धी महलको १३(४) नं.को अभियोगबमोजिमको कसूर भै सो बमोजिमको सजाय हुनका लागि यी प्रतिवादी दीपबहादुर कठायतले मृतकको ज्यान मार्नमा बचन दिएको वा वारदातस्थलमा गै मार्नलाई संयोग पारिदिएको अवस्था हुनुपर्दछ । सो अवस्था विद्यमान भएको तथ्ययुक्त प्रमाण वादी पक्षले कहीँ कतै पेश गर्न नसकिरहेको अवस्थामा शंकाकै भरमा प्रतिवादी दीपबहादुर कठायतलाई सजायको भागीदार गराउन मिल्ने नदेखिँदा निजलाई अभियोग दावीबाट सफाइ हुने ।

मृतक भुवनेश्वर र प्रतिवादी नरेन्द्र भण्डारीसँग गएपछि आफूहरू छुट्टिएको र पछि नरेन्द्र भण्डारी फर्की आएकोमा निजलाई भुवनेश्वर खोई भनी सोद्धा नरेन्द्रले मृतक बाटैमा सुतेकै अवस्थामा छोडी आएको भनी भनेकोमा यी प्रतिवादीहरू भूपेन्द्र शाही र बीरमल भण्डारीले आफूलाई गाली समेत गरेको भन्ने समेतको प्रतिवादी नरेन्द्र भण्डारीको बयानबाट नै पुष्टि हुन्छ । मृतकलाई सँगै लगेका प्रतिवादी नरेन्द्रसँग निजहरूले सोधखोज गरिरहेको यस्तो सदासयतायुक्त व्यवहार मिसिलबाट देखिएको अवस्थामा दिउँसोसँगै डोल्पा दुनै बजार गै घर फर्कने क्रममा अघि पछि भएकै आधारमा मृतकलाई मार्नमा कुनै संलग्नता नभएको यस्तो अवस्थामा निजहरूको संलग्नता थियो भनी मान्न मिल्ने भएन । मृतकसँग सँगै रहेका नरेन्द्र भण्डारी स्वयंले मृतक र आफूसँग हिँडेकोमा मृतक बाटोमा सुतेकोले आफूले छोडी आएको भनी यी प्रतिवादीहरूलाई जानकारी गराएपश्चात् मात्र मृतक सुतेको ठाउँमा प्रतिवादीहरू समेत मिली खोजतलास गर्न गएको अवस्था विद्यमान भएको अवस्थालाई नजरअन्दाज गर्न मिल्ने हुँदैन । अतः वारदातमा संलग्ता नै नभएका यी प्रतिवादी बीरमल भण्डारी र भूपेन्द्र शाहीलाई अभियोग दावीबाट सफाइ हुने ।

मृतक भुवनेश्वरलाई आफूले ढुङ्गाले हानेको कुरालाई प्रतिवादी नरेन्द्र भण्डारीले स्वीकार गरेको र सोही ढुङ्गा प्रहारको कारणबाट उछिट्टिई भीरमा खसेको भन्ने तथ्यमा आधारमा मृतकको कर्तव्य भै मरेको यस्तो अवस्थामा प्रतिवादी नरेन्द्र भण्डारीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) को कसूर गरेको स्थापित हुन आएकोमा विवाद देखिएन । यी प्रतिवादी नरेन्द्र भण्डारीले अधिकारप्राप्त अधिकारी समक्ष १४ वर्षको भनी र शुरू डोल्पा जिल्ला अदालत समक्षको बयानमा आफू १३ वर्ष पुगेको भनी बयान गरेको देखिन्छ । प्रतिवादीको उमेरसम्बन्धी यस तथ्यमा अन्यथा होइन भनी वादी नेपाल सरकारका तर्फबाट यस तथ्यमा अन्यथा होइन भनी वादी नेपाल सरकारका तर्कबाट उक्त उमेरका सम्बन्धमा अन्यथा हुने गरी प्रमाण संलग्न गर्न सकेको नदेखिएको यस्तो अवस्थामा निजलाई १४ वर्ष माथिको भन्ने अनुमान गरी सोही

आधारमा ज्यानसम्बन्धीको महलको १३(३) को कसूरमा बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम निजलाई सजाय गर्न समेत मनासिब नहुने।

इजलास अधिकृतः विष्णुप्रसाद गौतम

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल असार ७ गते रोज ३ शुभम्।

१७

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७-CR-०३८९, भ्रष्टाचार, *नेपाल सरकार वि. मेघराज जोशी*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्रतिवादी मेघराज जोशीको उत्तरमध्यमा तहको शैक्षिक योग्यता त्रिभुवन विश्वविद्यालयमार्फत् प्रमाणीकरण गर्न पठाएकोमा कामेश्वर सिंह दरभङ्गा विश्वविद्यालय भारतबाट प्राप्त पत्राङ्क ०३।११९।०९ दिनाङ्क २१।०३।२००९ मा प्राप्त विवरणको कैफियत महलमा 'अभिलेखमे अप्राप्त, अतः गलत' भनी लेखी आएको आधारमा वादी पक्षबाट प्रस्तुत मद्दा विशेष अदालत काठमाडौंमा दर्ता हुन आएको पाइन्छ। विशेष अदालत काठमाडौंसमक्ष प्रतिवादी मेघराज जोशीले मिति २०६७।१।६ को निवेदन साथ दोस्रो श्रेणीमा उत्तीर्ण गरेको भनी भारतको सोही विश्वविद्यालयबाट जारी भएको नविनोत्तर मध्यमा तहको परीक्षाको मूल प्रमाणपत्र, लब्धाङ्कपत्र र सत्यापन प्रमाणपत्रको प्रतिलिपि पेश गरेकोमा उक्त प्रमाणपत्रहरू शिक्षाध्यक्षको कार्यालय कीर्तिपुरमार्फत् सम्बन्धित विश्वविद्यालयमा पुनः प्रमाणीकरणको लागि पठाउँदा कामेश्वर सिँह दरभंगा संस्कृत विश्वविद्यालय, दरभंगा भारतको पत्राङ्क ८९०, दिनाङ्क २८।२०।२०१० को पत्रमा प्रतिवादी मेघराज जोशीले सन् १९७२ मा नवीनोत्तर मध्यमा परीक्षा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको भन्ने व्यहोरा उल्लेख गरी जवाफ प्राप्त भएको मिसिलबाट देखिन्छ। यसरी प्रमाणपत्र जारी गर्ने अधिकारिक निकायबाट प्रतिवादी मेघराज जोशीले नवीनोत्तर मध्यमा परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको व्यहोरा लेखी आएको स्थितिमा निजको शैक्षिक योग्यताको प्रमाणपत्र झूट्टा एवं नक्कली भन्न मिल्ने अवस्था देखिन नआउने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सुदीप पंज्ञानी

इति संवत् २०६८ साल साउन २२ गते रोज १ शुभम्।

१८

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं. ००८०, बैंक ठगी, *नेपाल सरकार वि.टासी छिरिङ शेर्पा समेत*

प्रतिवादी टासी छिरिङ शेर्पाले बैंकलाई ठगी गरेकोमा गल्ती भएको महसूस गरी स्वयं आफू र निजको श्रीमती समेत भई ठगी गरेको भनेको सम्पूर्ण रकम सिटी बैंकलाई फिर्ता समेत गरेको र वादी नेपाल सरकारले नै आफ्नो अभियोग पत्रमा नै टासी छिरिङ शेर्पा र केसाङ घले शेर्पाको हकमा बिगोतर्फ दावी समेत नलिएको स्थितिमा बिगोबमोजिम जरीवाना गर्नु न्यायको रोहमा मिल्ने अवस्था नदेखिने।

प्रतिवादी टासी छिरिङ शेर्पा र केसाङ घले शेर्पालाई मुलुकी ऐन, ठगीको ४ नं. बमोजिम बिगोमा दावी नभएकोले निजहरूलाई जनही रू. ५०००।- र ५ वर्ष कैदको साथै प्रतिवादी मधुसुदन अर्याल र कल्पना अर्यालको हकमा विगो रू. २,२३,६८,९४१।- सिटी बैंक नेपाल स्थित प्रतिनिधि कार्यालयलाई भराई सो बिगो बराबरको रू. २,२३,६८,९४१।- र कैद वर्ष ५ समेत जनही हुने गरी शुरू काठमाडौं जिल्ला अदालतबाट भएको फैसला केही उल्टी गरी प्रतिवादीमध्ये मधुसुदन अर्याल र कल्पना जोशी अर्यालले अभियोग दावीअनुसार रू. ३८,६९८,८२७०४ ठगी गरेको ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६३।८।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः हरि कोइराला

कम्प्युटरः सरस्वती पौडेल

इति संवत् २०६७ साल साउन २२ गते रोज १ शुभम्।

१९

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री तर्कराज भट्ट,** २०६२ सालको CR-०२९७, २०६३ सालको RC-००४८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुस्ते घर्ती मगर समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. मोतीलाल घर्ती मगर*

कुनै पनि वारदातको योजना बनाई सोको मत सल्लाहमा पसी उक्त वारदात घटाउने कार्यमा समेत संलग्न व्यक्तिलाई सामान्य वारदातमा जस्तो निजहरूको संलग्नता थियो वा थिएन वा निजहरूले

चोट छाडे कि छाडेनन् भनी हेर्नुभन्दा पनि योजना बनाउने एवं सो योजनाको कार्यान्वयनको लागि भूमिका निर्वाह गर्ने व्यक्तिको उद्देश्य एवं संलग्नता हेर्नुपर्ने हुन्छ । त्यस्तै आपराधिक योजना बनाई समूहवद्ध भै समूहद्वारा कुनै अपराध गरेमा सो कसूरबाट उक्त योजनामा संलग्न व्यक्तिहरूलाई सफाइ दिने कार्य मनासिब नदेखिने ।

प्रतिवादी मोतीलाल घर्तीमगर समेतले मृतकलाई बन्दुक एवं खुकुरी प्रहार गर्ने कार्यमा प्रत्यक्ष संलग्न भै वारदात घटाएको देखिँदा निजका हकमा सर्वश्वसहित जन्मकैद हुने भै साधक सदरका लागि पेश भएको पुनरावेदन अदालतको फैसला सो हदसम्म सदर हुने ।

आपराधिक योजना बनाई वारदात घटाउने कार्यमा धेरै जना संलग्न भएको देखिएको भए पनि केवल प्रतिवादी मोतीलाल घर्तीमगरलाई मात्र ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सजाय हुने तथा अन्य सबै प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम् ।

२०

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की,** २०६६ सालको WO-१२७१, उत्प्रेषण समेत, *राजनबाबु भण्डारी वि. गृह मन्त्रालय समेत*

एउटा जिम्मेवार प्रहरी कर्मचारीले कार्यालयमा उपस्थित हुन नसक्नुको कारण यथाशीघ्र छिटो माध्यमबाट सम्बन्धित कार्यालयमा जानकारी गराउन सक्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा यी निवेदकले आफू बिदामा बस्नु पर्नाको कारण आफ्नो उपचार र बाबुको मृत्युको कारणले किरिया गर्न परेको भनी जनाए पनि त्यसरी बिदा बस्नुपूर्व आफू कार्यरत् कार्यालयमा जानकारी गराएको भनी लेखाउन सक्नु भएको छैन । सोका साथै निज निवेदकले सो व्यहोराको जानकारी गराउन प्रयाससम्म गरेको भनी मिसिल संलग्न कागज प्रमाणबाट समेत देखिएको छैन । यस अवस्थामा बिदा बस्नु पर्नाको कारण जानकारी नदिई गैरकानूनी रूपमा प्रहरी ऐन नियमको विपरीत हुने गरी आफूखुशी बिदा बस्ने निवेदकका विरूद्ध सेवाबाट हटाउने कारवाही गर्ने निकायहरूको निर्णयलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत ७ गते रोज २ शुभम् ।

२१

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको WO-०५३०, उत्प्रेषण परमादेश समेत, *सुरेश राय वि. लोकसेवा आयोग, केन्द्रीय कार्यालय समेत*

एउटै दफाका केही शर्तहरू वा आंशिक शर्तहरू मात्र उल्लेख गरेर विज्ञापन प्रकाशित गरेर पद पूर्तिको प्रक्रिया एवं कार्य सम्पन्न गरेको देखिए पनि उक्त कार्य रीतपूर्वकको हुन्छ भन्न मिल्दैन । कानूनले बाध्यात्मक रूपमा उल्लेख गर्नुपर्ने गरी व्यवस्था गरेको आवश्यक योग्यताका कुराहरू उल्लेख नगरी लोक सेवा आयोगबाट कानूनको उल्लंघन हुने गरी गरेको विज्ञापन एवं सोबमोजिम भएको सिफारिशको निर्णय समेत मनासिब देखिएन । कानूनले तोकेका शर्तहरू पूर्ण रूपमा उल्लेख गरी विज्ञापन प्रकाशित गरी योग्यता पुगेका उम्मेद्वारहरूमध्ये प्रतिस्पर्धात्मक परीक्षामा सफल भएकाहरूलाई सिफारिश गर्नुपर्नेमा योग्यता पुगेका र योग्यता नपुगेका व्यक्तिहरू बीच प्रतिस्पर्धा गराई सोही आधारमा गरिएको पदपूर्तिसम्बन्धी कार्य रीतपूर्वक भएको मान्न नमिल्ने ।

विज्ञापन प्रकाशित गर्दा कुनै गल्ती हुन्छ भने त्यस्तो गलत विज्ञापनको आधारमा भए गरेका अन्य प्रक्रियाहरू एवं कार्यहरूले मान्यता पाउन सक्ने वा वैधता प्राप्त गर्न सक्ने देखिँदैन । पदपूर्तिसम्बन्धी सबै प्रक्रिया शुरूदेखि अन्त्यसम्म कानूनी रीतपूर्वकको नै हुनु पर्दछ । प्रस्तुत मुद्दामा विवादित विज्ञापनमा भएको त्रुटिको कारणले आवश्यक योग्यता वा अनुभव प्राप्त नगरेको व्यक्तिले पनि बढुवा प्राप्त गर्न सक्ने अवस्था देखिएको छ जुन कुरा कानूनसम्मत् एवं रीतपूर्वकको मान्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२२

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको WO-०५९२, उत्प्रेषण परमादेश समेत, *डा. विद्यापति कण्ठ वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

जुन निर्णय बदरको लागि माग गरिएको हो सो निर्णय कार्यान्वयन नगर्नु नगराउनु भन्ने यस अदालतको अन्तरिम आदेशले रोकिई साविक पदमा पुनर्बहाली भै सेवाबाट समेत अवकाश भएकाले निवेदकले माग गरेको उत्प्रेषणलगायत परमादेशको आदेश समेत जारी गर्नुपर्ने औचित्य बाँकी रहेको नदेखिएकोले निवेदन जिकीरको अन्य कुराहरूमा समेत विचार गर्न नपरी निवेदन खारेज हुने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२३

**मा.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६५ सालको WO-०१५४, उत्प्रेषण समेत, *शोभानन्द राय वि. भूमिसुधार कार्यालय, सप्तरी समेत*

भूमिसुधार कार्यालयले जग्गा बाँडफाँड सम्बन्धी निर्णय गर्नुपूर्व यी निवेदकलाई आफ्नो भनाई राख्ने अवसर दिँदा आफूलाई कुन दिशातर्फबाट जग्गा बाँडफाँड हुनुपर्ने हो, के गर्दा नरमकरम मिल्छ वा बराबर बाँडिएको देखिन्छ सो केही नखुलाई जग्गा नै बाँडफाँड हाल गर्दिन भन्नु भएको स्थिति देखिन्छ । कानूनले पक्षलाई जग्गा बाँडफाँड गर्नबाट इन्कार गर्न सक्ने अधिकार प्रदान गरेको छ भनी निवेदकले देखाउन नसकेसम्म निवेदकले भनेबमोजिम जग्गा नै बाँडफाँड नगरी बस्नुपर्ने बाध्यता कार्यालयका सामु रहेको मानिँदैन । सम्भव भएसम्म दुबै पक्षको सहमतिमा, नभए पनि भूमिसुधार अधिकारीले दुबै पक्षलाई बराबर पर्ने गरी बाँडफाँड गर्न सक्ने कानूनी व्यवस्थालाई एक पक्षले अहिले बाँडफाँड गर्न मानेको छैन भन्ने आधारमा प्रयोग गर्नबाट रोक्ने हो भने मोही र जग्गाधनीबीच जग्गा बाँडफाँडमा निकै बाधा व्यवधान नआउलान् भन्न नसकिने ।

भूमिसुधार अधिकारीले निर्णय गर्नुपूर्व सोधिसकेपछि सोही बखत आफूलाई के कसरी जग्गा बाँडफाँड गर्दा न्यायोचित हुन्छ भनी उल्लेख नगरी एवं बाँडफाँडका सम्बन्धमा तत्काल कुनै विवाद नगरी केवल हाल बाँडफाँड गर्नु पर्दैन भनी उल्लेख गरेको कार्यले भूमिसुधार अधिकारीलाई कानूनले तोकेको निर्णय गर्ने अधिकार अप्रत्यक्ष रूपमा कुण्ठित पार्न एवं रोक्न पाउने नदेखिने ।

निवेदकले आफ्नो जो भएको व्यहोरासहित बाँडफाँडको सम्बन्धमा जिकीर लिनुको सट्टा बाँडफाँड नै इन्कार गरी प्रतिवाद गरेको देखिन्छ । मोहीले बाँडफाँड नचाहँदैमा कानूनबमोजिम हुनुपर्ने बाँडफाँडको कार्य रोकिन नसक्ने हुँदा जग्गाधनीको निवेदनका आधारमा कारवाही प्रारम्भ गरी गरेको बाँडफाँडको कार्यलाई गैरकानूनी भन्न नमिल्ने ।

इजलास अधिकृतः बिमल पौडेल

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

- यसै लगाउको २०६५ सालको WO-०१५५, उत्प्रेषण समेत, *शोभानन्द राय वि. भूमिसुधार कार्यालय, सप्तरी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. ००८६, परमादेश, *उपेन्द्र यादव वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी समेत*

निर्वाचन समितिले विपक्षी विद्यालय व्यवस्थापन समितिको दावीको पदमा निर्विरोध निर्वाचन गरी अध्यक्ष पदको प्रमाणपत्र समेत प्रदान गर्ने गरी गरेको निर्णय यथावत् कायम रही रहेको अवस्थामा पुनः व्यवस्थापन समितिको निर्वाचन गर्नु र यी निवेदकलाई समेत उम्मेद्वार कायम गर्नु भन्ने परमादेशको आदेश जारी हुन सक्ने अवस्था पनि रहेन । निर्वाचन समितिले यी पुनरावेदकको शैक्षिक योग्यताको प्रमाणपत्रको वैधानिकताको सम्बन्धमा प्रश्न उठाई उम्मेद्वारी बदर गरी सकेको भन्ने पनि देखिन आउँछ । यसरी पेश भएको निजको शैक्षिक प्रमाणपत्र नै रीतपूर्वक थियो वा बेरीत र गैरकानूनी के थियो भन्ने

कुराको रिट क्षेत्रबाट तथ्यमा प्रवेश गरी प्रमाण बुझी फैसला गर्न सक्ने अवस्था पनि नरहने हुँदा निवेदन खारेज हुने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७ सालको CI-०८५, निषेधाज्ञा, *उपेन्द्र यादव वि. जिल्ला प्रशासन कार्यालय, सप्तरी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री ताहिर अली अन्सारी र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको दे.पु.नं. १२८९, उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ, *सुर्जेबहादुर गलान वि. जिल्ला विकास समितिको कार्यालय रसुवा समेत*

पुनरावेदकले जिल्ला विकास समिति रसुवासँग मिति २०६६।४।८ मा गरेको सम्झौताको शर्तअनुसार हक र हकदैया प्राप्त गरेको भन्ने आधारमा विपक्षीबाट पनि उक्त करारका शर्तहरू पालना गर्न लगाउन करार ऐन, २०५६ को दफा ८७ अनुसार उपयुक्त आदेशको माग गरी निवेदन दिएकोमा विवाद छैन । तर, निवेदकको हक प्राप्त गरेको भनेको उक्त सम्झौता वा करारको अवधि मिति २०६६।४।९ देखि असार मसान्तसम्म भएको भन्ने देखिन आउँछ । सो अवधि भुक्तान भइसकेको अहिलेको स्थितिमा उक्त करारका शर्तहरू पालना गर्न, गराउन पर्ने स्थिति नै नरहने ।

इजलास अधिकृतः चुरामन खड्का

कम्प्युटरः विदुषी रायमाझी

इति संवत् २०६८ साल बैशाख २९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६७ सालको दे.पु.नं. १२८८ निषेधाज्ञा, *सुर्जेबहादुर गलान वि. जिल्ला विकास समितिको कार्यालय, रसुवा समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ७

१

**मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या. सुशीला कार्की,** २०६५ सालको फौ.पु.नं. ०६५-CR-००३१, भ्रष्टाचार, *नेपाल सरकार वि. डिल्लीरमण निरौला समेत*

घरजग्गा जस्ता सम्पत्ति आर्जन गर्दा ऋणात्मक व्यवहार पनि गरिने र त्यस्ता ऋणात्मक व्यवहार प्रत्यक्षतः हुने गरी गरिने व्यवहार हुँदा स्वयं गैरकानूनी हुन सक्दैन । गैरकानूनी व्यवहार तबमात्र मान्न सकिन्छ जतिबेला त्यो प्रमाणहरूबाट गैरकानूनी हो भन्ने पुष्टि हुन्छ ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रतिवादीको आयको तुलनामा प्रतिवादीले अस्वाभाविक रूपमा बढी सम्पत्ति आर्जन गरेको भनी दोषारोपण गर्दाको अवस्था प्रतिवादीहरूले साविकमा समयसापेक्ष मूल्यमा पटक-पटक खरीद गरेको सम्पत्तिको तत्कालीन खरीद गर्दाकै अवस्थाको मूल्यमा मूल्याङ्कन नगरी पछि मुद्दा चलाउँदाको अवस्था २०६० सालमा वृद्धि भएको मूल्यमा मूल्याङ्कन गरेको देखिन्छ । साविकमा कम मूल्यमा खरीद गरेको सम्पत्तिको मूल्य समयसापेक्ष रूपमा वृद्धि हुनु स्वाभाविक हुन्छ । प्रतिवादीहरूको नाममा रहेको त्यस्तो सम्पत्तिको वैध स्रोतको खोजी गर्दा त्यस्तो सम्पत्ति खरीद गर्दाको मूल्यका आधारमा नै मूल्याङ्कन गर्नुपर्ने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६७ साल भदौ २० गते रोज १ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४-CI-०२८४, खिचोला मेटाई चलन चलाई पाऊँ, *मु.स.गर्ने शान्ति नायर लम्साल वि. सीमा राणा*

वादीको हक पुग्नु अगावै प्रतिवादीले बनाएको घरमा कि.नं. १७२ को जग्गा परेको सम्बन्धमा वादीका दाताले कुनै उजूर नगरेको र जे जस्तो अवस्थामा छ सोही अवस्थामा यी वादी तथा निजको श्रीमतीले जग्गा तथा घर खरीद गरेको देखिँदा वादीका दाताको भोगमा रहेको समयमा बनेको घरमा परेको जग्गाका सम्बन्धमा २०५२ सालका खरीद गर्ने यी वादीले

खिचोला उजूर गर्नु कानूनसँगत, युक्तिसंगत र तर्कसंगत नदेखिँदा वादीको पुनरावेदन जिकीर पुग्न नसक्ने।
इजलास अधिकृतः अशोककुमार बस्नेत
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार २६ गते रोज १ शुभम्।

- यसै लगाउको २०६४-CI-०२८५, खिचोला मेटाई चलन चलाई पाऊँ, *सीमा राणा वि. शान्ति नायर लम्साल* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७-CI-०१६७, मोही नामसारी, *जयसुन्दरी यादव वि. तेजनारायण चौधरी*

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ८(१) ले तोकेको हदभन्दा बढी जग्गा कसैले मोहीको हैसियतले कमाएको भएमा नेपाल सरकारले तोकिएबमोजिम प्राप्त गरी तोकिएबमोजिम बिक्री वितरण गर्ने कानूनी व्यवस्था भएको देखिएबाट नेपाल सरकारले उल्लिखित कानूनबमोजिम गर्न सक्ने देखिन्छ। यसका अतिरिक्त यस्तो बढी जग्गा देखिएको अवस्थामा सो बढी जग्गामा मोहीको नाम काटिने भन्ने कानूनी व्यवस्था रहेको देखिन आउँदैन। यस स्थितिमा यी प्रत्यर्थीका बाबु दावीको जग्गाको मोही भएको र निजको मृत्युपछि निजको मोहियानी हक यी प्रत्यर्थी वादीमा सर्ने अवस्था देखिन आएकोले वादीको मागबमोजिम मोही नामसारी हुन सक्ने नै देखिने।
इजलास अधिकृतः श्रीप्रकाश उप्रेती
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम्।

- यसै लगाउको ०६७-CI-०१६८, मोही लगत कट्टा, *जयसुन्दरी यादव वि. तेजनारायण चौधरी समेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री कमलनारायण दास,** २०६५ सालको CI-०८९९, अंश चलन, *उपमणि खनाल समेत वि. एककुमारी श्रेष्ठ (के.सी.)*

पुनरावेदक प्रतिवादी उपमणि खनालको परीक्षण गरी मेची अञ्चल अस्पतालका डाक्टरले निजको वीर्य परीक्षण गर्दा शुक्रकीट देखा नपरेकोले बच्चा जन्माउन नसक्ने भनी मिति २०६२।१०।५ मा प्रतिवेदन दिएको देखिए तापनि निज उपमणिले भ्यासेक्टोमी अपरेशन कुन मितिमा कहाँ गरेको भनी यकीन लिखित प्रमाण पेश नगरेको र निजको भ्यासेक्टोमीको दाग समेत फेला नपरेको र निजको वृद्धावस्था भएको कारणले अथवा समूहमाझ मैथुन गर्दा मानसिक दवावको कारणले शुक्रकीट देखा नपरेको पनि हुन सक्छ भनी उक्त परीक्षण रिपोर्ट गरिदिने डाक्टरहरूले बयान गरेको देखिन्छ। यसका अलावा वादी एककुमारीको कोखबाट जन्मेको सन्तानको DNA परीक्षण गराउँदा सो सन्तान प्रतिवादी उपमणिको हो होइन भन्ने मात्र यकीन हुन सक्ने हुन्छ। यसबाट प्रतिवादी उपमणि र वादी एककुमारी लोग्ने स्वास्नी हुन् होइनन् भन्ने कुरा यकीन हुन सक्ने हुँदैन। तसर्थ, मिसिल प्रमाणबाट वादी एककुमारी र प्रतिवादी उपमणि लोग्ने स्वास्नी रहेको देखिइरहेको यस्तो अवस्थामा वादीबाट जन्मेकी छोरी जानुकादेवीको नाता सम्बन्धमा पछि दावी परेका बखत प्रमाणबाट ठहरेबमोजिम हुने नै हुँदा झापा जिल्ला अदालतले "जातक वादीको भनाईअनुसार नै प्रतिवादी उपमणि खनालको छोरी ठहर्छ" भनी गरेको हदसम्मको फैसला केही अंश उल्टी गरी वादी प्रतिवादीको बीचमा लोग्ने स्वास्नीको नाता कायम गरी वादीले प्रतिवादीबाट अंश छुट्याई लिन पाउने।
इजलास अधिकृतः फणिन्द्र पराजुली
कम्प्युटरः रानु पौडेल
इति संवत् २०६८ साल जेठ २५ गते रोज ४ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री प्रकाश वस्ती,** २०६७ सालको स.फौ.पु.नं. ०६६-CR-०७४४, कर्तव्य ज्यान, *देवबहादुर खाम्चामगर वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आफूले खुकुरी प्रहार गरी काटी रेटी मारेकोमा साविती रहेको र घटनास्थलमा उक्त खुकुरी र सोको दाप फेला परेकोमा सो खुकुरीको दापमा लागेको औंठाछाप समेत यिनै प्रतिवादीको हो भन्ने विशेषज्ञको राय र सो कुरालाई अन्य प्रमाणले समेत पुष्टि गरिरहेको अवस्था देखिँदा यिनै प्रतिवादीले मृतकलाई खुकुरी जस्तो धारिलो

हतियार निर्मम रूपमा प्रहार गरी हानी काटी रेटी विभत्स तरीकाले कर्तव्य गरी मारेको कुरा स्पष्ट हुने ।
इजलास अधिकृतः हेमबहादुर सेन
इति संवत् २०६७ साल चैत ९ गते रोज ४ शुभम् ।

२

**मा.न्या. श्री अवधेशकुमार यादव र मा.न्या. श्री तर्कराज भट्ट,** २०६५ सालको CR-०७०७, CR-०७२६, RC-००५२, खुन डाँका, *नेपाल सरकार वि. लक्ष्मीनारायण यादव समेत, कपिल सुनुवार वि. नेपाल सरकार, नेपाल सरकार वि. देवराज भट्टराई*

अदालतमा कुनै प्रतिवादीले सहअभियुक्तलाई बचाउ गर्ने गरी बयान गर्दैमा अन्य प्रमाणको मूल्याङ्कन नै नगरी सोही बयानलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गरी कसूरबाट सफाइ दिदै जाने हो भने यसबाट फौजदारी न्याय प्रशासनको उद्देश्य प्राप्त नहुनुको साथै अन्य विकृति समेत जन्मन सक्ने भई सोझा, सीधा तथा गरीबहरू मात्र सजायको भागी हुन जाने र चतुर तथा टाठाबाठा जस्ता व्यक्तिहरूले अन्य व्यक्तिहरूलाई प्रभावमा पारी सदा उन्मुक्ति पाउन सक्ने अवस्था रहन्छ । प्रतिवादी अजय राई भन्ने कपिल सुनुवारको सँग साथबाटै भाग्दै गर्दा नगद रू. २५,५४,४८२।- बरामद भएको अवस्थामा छ । निजले सो रकमको अन्य स्रोत खुलाउन नसक्नुका साथै सो रकम निजबाटै बरामद गराई निजलाई अनुसन्धानकर्ताले फसाउनु पर्नेसम्मका कारण समेत निजले बयानमा खोल्न नसकेका आधार प्रमाणहरूबाट यी प्रतिवादीहरू कसूरदार होइनन् भन्न नमिल्ने ।

प्रतिवादीहरू लक्ष्मीनारायण यादव र राजेशप्रसाद यादवका हकमा हेर्दा प्रतिवादी लक्ष्मीनारायण यादवले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्र.ज. राजेशप्रसाद यादवमार्फत् अजय राईसँग चिनजान भएको र निजलाई आफूहरूले २ नाल कटुवा पेस्तोल बिक्री गरेको र सोबापत रू. ४,५००।- र नोकिया मोबाइल सेट समेत प्राप्त गरेको भनी बयान देखिन्छ भने सोही व्यहोराको बयान राजेशप्रसाद यादवको रहेको पाइन्छ । निज लक्ष्मीनारायण यादवको विस्तरा बाक्सा समेतको मिति २०६३।२।१९ मा खानतलासी हुँदा ३०३ राइफलको गोली लाग्ने नलकटुवा पेस्तोल १ थान तथा अन्य रिभल्बरमा लाग्ने गोली समेत बरामद भएको भन्ने खानतलासी मुचुल्काबाट देखिन्छ । सो बरामदी मुचुल्कामा यी प्रतिवादी लक्ष्मीनारायण यादव समेत रोहबरमा बसेको र निजले उक्त बरामदी मुचुल्कालाई अन्यथा भन्न सकेको पाइदैन । निजको बाक्साबाट बरामद भएको हतियार सरकारी हतियार समेत नभएको र सो हतियार के कुन प्रयोजनको लागि राखेको भनी निजले भन्न समेत सकेको पाइँदैन । यी प्रतिवादीहरूउपर काठमाडौं जिल्ला प्रशासन कार्यालयमा हातहतियार खरखजाना मुद्दा चलेकोमा प्रतिवादी लक्ष्मीनारायण यादवलाई ६(छ) महिना कैद र रू. ६,०००।- रूपैयाँ जरीवाना भएकोमा सोउपर यी प्रतिवादीले पुनरावेदन समेत नगरी चित्त बुझाई बसेको देखिँदा यी प्रतिवादीहरू अदालतमा कसूर गरेमा इन्कार भई बयान गरे तापनि सो इन्कारीलाई निजहरूले साक्षी वा अन्य प्रमाणबाट पुष्टि गराउन सकेको पाइदैन । प्रतिवादी राजेन्द्रप्रसाद यादवले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा प्रतिवादी अजय राई भन्ने कपिल सुनुवारसँग सिन्धुली कारागारमा कार्यरत् रहँदा चिनजान भएको, पछि निज बौद्धमा मलाई भेट्न आई हतियारको बारेमा कुरा गर्दा मैले अर्का प्रतिवादी लक्ष्मीनारायण यादवलाई चिनजान गराई दिएपछि निजले २ थान बन्दुक निज अजय राईलाई दिएका हुन् भनी बयान गरेको र सो बयानलाई समर्थन गरी लक्ष्मीनारायण यादवले समेत बयान गरेको देखिन्छ । निजहरूले सो बयानको पुष्टि प्रतिवादी अजय भन्ने कपिल सुनुवार र देवराज भट्टराईको कोठामा खानतलासी हुँदा राजेशप्रसाद यादव र अजय राई भन्ने कपिल सुनुवारको फोटो बरामदीबाट पुष्टि हुने ।

प्रतिवादी अजय राई भन्ने कपिल सुनुवारको कोठाबाट प्रतिवादी राजेशप्रसाद यादवको फोटो बरामद भएको, प्रतिवादी लक्ष्मीनारायण यादवको बाकसबाट हतियार बरामद भएको, प्रतिवादीहरूको मौकाको बयान तथा वडा प्रहरी कार्यालय बौद्धको टेलिफोन आगमन तथा बाह्य कलको विवरण समेतबाट यी प्रतिवादीहरू राजेशप्रसाद यादव तथा लक्ष्मीनारायण यादवको प्रस्तुत वारदातमा संलग्नता रहेको पुष्टि हुने ।
इजलास अधिकृतः रामप्रसाद भट्टराई
इति संवत् २०६८ साल असार ३० गते रोज ५ शुभम् ।

**इजलास नं. १०**

१

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री प्रकाश वस्ती,** २०६५ सालको दे.पु.नं. CI-०००२, निषेधाज्ञा, *धर्मलाल सुनार वि. डडेल्धुरा निर्माण व्यवसायी संघ समेत*

निवेदकले दिएको छूट जग्गा दर्तासम्बन्धी मुद्दाको पुनरावेदनको सन्दर्भमा निर्णय गर्दा निवेदकको नाममा दर्ता हुन सक्ने नसक्ने के हो भनी पुनः निर्णय गर्नु भनी पठाएको पाइन्छ । तर उक्त फैसलाले निवेदकको नाममा उक्त विवादित जग्गा दर्ता नै भइसकेको भनी अर्थ गर्न मिल्ने हुँदैन । मूलतः निषेधाज्ञा जारी हुनको लागि गरेको दावीको विषयमा निर्विवाद हक स्थापित हुनुपर्ने हुन्छ । तर विवादित जग्गामा निवेदकको हक स्थापित भै नसकेको अवस्था देखिन्छ । आफ्नो हक नै स्थापित नभएको क्षेत्रमा उपभोक्ता समितिले घर निर्माण गर्न स्थानीय स्तरबाट सहमति पाएको अवस्थामा रिट क्षेत्रबाट हस्तक्षेप गरी उक्त निर्माण व्यवसायी समितिको घर निर्माण कार्य रोक्नु विद्यमान कानून र न्यायको सिद्धान्त समेतले मिल्ने नदेखिने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल असार ९ गते रोज ५ शुभम् ।

- यसै लगाउको २०६५ सालको CR-००४६,अदालतको अपहेलना, *धर्मलाल सुनार वि. डडेल्धुरा निर्माण व्यवसायी संघ समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या. श्री वैद्यनाथ उपाध्याय,** २०६७ सालको रिट निवेदन नं. ०६७-WH-००६६, बन्दीप्रत्यक्षीकरण, *पेम नुर्बु शेर्पा वि. संखुवासभा जिल्ला कारागार शाखा कार्यालय, खाँदबारी समेत*

जिल्ला अदालतको फैसलाबमोजिम कैद भुक्तान गरिरहेको अवस्थामा सोही कारागारमार्फत् पुनरावेदन अदालत धनकुटासमक्ष पुनरावेदन गरेको देखिनाले निज प्रस्तुत मुद्दा शुरू जिल्ला अदालतसमक्ष कारवाहीयुक्त रहेको अवस्थामा थुनामा बसी वा थुनामा बस्नुपर्ने गरी मुद्दाको पुर्पक्ष गरेको नपाइएकोले निजले अ.बं. १९४ नं. को देहाय (२) अनुसारको सुविधा नपाउने गरी भएको आदेश बेरीतको देखिँदा बदर गरिदिएको छ । अब पुनः मिसिलसँग सम्बन्धित प्रमाणहरूको विचार गरी निजबाट अ.बं. १९४ को देहाय (२) अनुसार कानूनबमोजिम धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु भनी आदेश भै प्रस्तुत रिटको विषयसँग सम्बन्धित ०६७-RE-०१९२ को प्रतिवेदनमा आज यसै इजलासबाट मिसिलसँग सम्बन्धित प्रमाणहरूको विचार गरी निवेदकबाट अ.बं. १९४ नं. को देहाय २ अनुसार धरौट वा जमानत लिई मुद्दाको पुर्पक्ष गर्नु भनी पुनरावेदन अदालत, धनकुटाका नाममा आदेश भएकोले प्रस्तुत बन्दीप्रत्यक्षीकरणको विषयमा कारवाही अगाडि बढाउनु निरर्थक हुने ।

इजलास अधिकृतः शिवप्रसाद खनाल

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल असार १० गते रोज ६ शुभम् ।

३

**मा.न्या. श्री गिरीश चन्द्र लाल र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६७ सालको दे.पु.नं. ०६७-CI-००२७, लिखत दर्ता बदर दर्ता, *सुमनकुमारी समेत वि. जगतनारायण रौनियार समेत*

वादीहरूमध्ये अनितादेवीको विवादित लिखत भएको अवस्थामा २१ वर्ष पूरा नभएको तथ्य निजको विवाह दर्ता प्रमाणपत्रबाट देखिन्छ भने अन्य वादीहरू नाबालक रहेको तथ्य फिराद दावी तथा सो साथ पेश भएको जन्मदर्ता प्रमाणपत्रबाट देखिन आउँछ । फिराद दावीको जग्गा वादीहरूका पति पिता सञ्जयप्रसाद पटेलले जगतनारायण रौनियारलाई मिति २०६२।२।३ मा राजीनामा गरी दिँदा यी वादीहरू २१ वर्ष उमेर पुगेको नदेखिँदा सो बिक्री व्यवहारमा यी पुनरावेदक वादीहरूको मञ्जूरी लिनुपर्ने अवस्था नदेखिने ।

प्रतिवादी सञ्जयप्रसाद पटेल घरको मुख्य व्यक्ति रहेको र वादीहरू एकसगोलमा रहे भएको भएतापनि २१ वर्ष नाघेको मिसिल संलग्न प्रमाणबाट नदेखिँदा प्रतिवादीहरूले घर व्यवहार चलाउनको लागि उक्त विवादित लिखतमा उल्लिखित जग्गा बिक्री व्यवहार गरी घर व्यवहार चलाउन सक्ने ।

इजलास अधिकृतः ध्रुवराज त्रिपाठी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल असार १७ गते रोज ६ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६७ सालको दे.पु.नं. ०६७-CI-००११, लिखत दर्ता बदर दर्ता, *सुमनकुमारी समेत वि.गौदम कनुइन समेत*
- २०६७ सालको दे.पु.नं. ०६७-CI-००६३, लिखत दर्ता बदर दर्ता, *सुमनकुमारी समेत वि. जगतनारायण रौनियार समेत*

४

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री प्रकाश वस्ती,** ०६७-CR-०३२७, ०३२८, ०३२९, ०३३०, र ३३१, भ्रष्टाचार, *रमेशकुमार यादव वि. नेपाल सरकार, सीयाराम थारू वि. नेपाल सरकार, रविचन्द्र ज्ञवाली वि. नेपाल सरकार, सत्यनारायण यादव वि. नेपाल सरकार, रामनरेश यादव वि. नेपाल सरकार*

मिति २०६५।५।१५ को लिखतमा प्रतिवादी सत्यनारायण यादव र प्रतिवादी रमेश यादवलाई राहत शिक्षक कोटामा नियुक्त गर्न निजहरूमध्ये सत्यनारायण यादवले १० हजार र रमेश यादवले १७ हजार प्रतिवादी विद्यालय व्यवस्थापन समितिमा अध्यक्ष रामनरेश यादव र प्रतिवादी प्र.अ. रविचन्द्र ज्ञवालीलाई दिएको र निजहरूले राहत कोटामा सेट गर्न नसकेमा लिएको रूपैयाँको रू. ५।- का दरले मासिक ब्याज तिर्ने भन्ने समेत व्यहोरा उल्लेख भएको देखिन्छ। उक्त लिखतमा कारिणीको हैसियतले रूपैयाँ लिनेदिने प्रतिवादीहरू सत्यनारायण यादव, रमेश यादव, रामनरेश यादव र रविचन्द्र ज्ञवालीले सहीछाप गरेको र साक्षीका हैसियतले प्रतिवादी सीयाराम थारूले सही गरेको देखिन्छ। उल्लिखित लिखतबाट प्रतिवादीहरूका बीचमा विद्यालयलाई प्राप्त राहत कोटामा नियुक्ति गर्ने विषयमा रूपैयाँ लिनुदिनु गरेको देखिन आउँछ। प्रतिवादीहरूले उक्त लिखत हाँसोमजाकको रूपमा लेखिएको, सो लिखतबमोजिम रूपैयाँ लिनुदिनु भएको होइन भनी आफ्नो भनाई लेखाई जिकीर लिएको भए पनि लिखत आफूहरूले नै गरेको भनी स्वीकार गरेको देखिन्छ। प्रतिवादीहरूले आपसमा आफ्नो व्यहोरा उल्लेख गरी, सहीछाप गरी साक्षी समेत राखी तयार भएको लिखतलाई निजहरूले पछि अन्यथा जिकीर लिएकै कारणले प्रतिवादीहरूका बीचमा लिखतबमोजिमको कार्य भएको छैन भनी मान्न नसकिने। विद्यालयलाई प्राप्त राहत कोटामा नियुक्ति हुनका लागि प्रतिवादीहरू रमेशकुमार यादव र सत्यनारायण यादवले घुस दिएको प्रतिवादीहरूले रामनरेश यादव र रविचन्द्र ज्ञवालीले घूस लिएको तथा सो घूस लेनदेन सम्बन्धमा भएको लिखतमा प्रतिवादी सीयाराम थारू साक्षी बसेको देखिन आएकोले निजहरूले घुस लेनदेन गर्ने कार्य गरेको स्थापित हुने।

इजलास अधिकृतः श्रीप्रकाश उप्रेती

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६७ साल चैत २२ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-CR-०४८१, निर्णय बदर, *रमेशकुमार यादव वि. नेपाल सरकार समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६६ सालको WO-१११९, उत्प्रेषणयुक्त परमादेश, *हेमचन्द्र बास्तोला वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारी र सार्वजनिक वन क्षेत्रको जग्गा विपक्षीहरूले व्यक्तिका नाउँमा गैरकानूनी रूपमा दर्ता गराउने प्रयास भइरहेको भन्ने समाचारहरू पत्रपत्रिकामा प्रकाशित भएको कुरालाई आधार बनाई रिट दायर गरेकोसम्म देखिन्छ। तर के कुन कार्यालयको के कुन आदेश वा निर्णयबाट निवेदन दावीअनुसारका सरकारी जग्गाहरू व्यक्तिका नाउँमा दर्ता गराउने प्रयास भएको हो भन्ने सम्बन्धमा निवेदकले स्पष्ट खुलाउन सकेको भने पाइँदैन। यसबाट के कुन विपक्षीबाट के कुन मितिमा भएको निर्णय वा आदेश बदर गराई माग्न निवेदकले प्रस्तुत निवेदन दायर गरेको हो सो समेत प्रष्ट पार्न सकेको देखिएन। साथै विपक्षीहरूले निवेदकलाई उपरोक्त कुराहरूको जानकारी नदिएको भए निवेदकले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसारको कार्यविधि अपनाई सो ऐनले निर्दिष्ट गरेअनुसार राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नुपर्नेमा सोको विपरीत हुने गरी प्रस्तुत रिट निवेदन दायर गरेको देखिँदा रिट खारेज हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः शम्भुप्रसाद शाह

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम्।

६

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री भरतराज उप्रेती,** २०६५-WO-१५८, उत्प्रेषण परमादेश, *तिलकबहादुर राई वि. हुतराज बस्नेत समेत*

रिट निवेदकले हिमाल दर्शन उच्च माध्यमिक विद्यालयको प्रधानाध्यापक हुतराज बस्नेतलाई सो पत्रबाट हटाउन माग दावी गरी सोही विद्यालयका शिक्षकहरूमध्येबाट योग्यता पुगेका शिक्षकलाई प्रधानाध्यापक पदमा नियुक्ति गरिपाउन माग गरेकोमा हुतराज बस्नेतले मिति २०६७।३।४ देखि अनिवार्य अवकाश पाइसकेका र रिक्त रहेको सो विद्यालयको प्रधानाध्यापक पदमा सोही विद्यालयका योग्यता पुगेका शिक्षकलाई नियुक्ति गरेको समेत देखिई विद्यालयको प्रधानाध्यापकको विवाद नै समाप्त भइसकेको देखिएबाट प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः फणिन्द्र पराजुली

कम्प्युटरः रानु पौडेल

इति संवत् २०६८ साल भदौ १ गते रोज ५ शुभम्।

यसै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- २०६६ WO-०४०५, उत्प्रेषण परमादेश, *कृष्णप्रसाद शर्मा वि. नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय समेत*
- २०६६ WO-०४०९, उत्प्रेषण परमादेश, *सुमन गुरागाई वि. नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालय समेत*

७

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको CR-०१७२, जबर्जस्ती करणी, *कुलमान मगर वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको भए पनि जबर्जस्ती करणीको प्रयास गरेको तथ्यलाई स्वीकार गरी पुनरावेदन गरेको अवस्था र पीडितको घाउ जाँचबाट निजको तिघ्रा अनुहार समेतका घाउ चोट भएको भन्ने देखिन्छ। प्रतिवादीले यस अदालतमा दिएको पुनरावेदन समेत संघर्षको क्रममा पीडितको खुर्पाको प्रहारबाट म घाइते भई रगताम्मै भएको भन्ने कुरालाई स्वीकार गरी घटना भएको होइन भनी भन्न सकेको अवस्था देखिँदैन। यी प्रतिवादीउपर निजले बजार गरी घर फर्कँदै गर्दा लछार पछार गर्दै जङ्गलमा लगी करणी गरेको भन्ने जाहेरी व्यहोरा र बजारबाट उक्त वारदात भएको दिन सँगै घर गएको भन्ने यी प्रतिवादीको अदालतमा भएको बयान व्यहोराबाट समेत देखिँदा मुलुकी ऐन, जबर्जस्ती करणीको ३(५) नं. बमोजिम प्रतिवादी कुलमान मगरलाई ५ वर्ष कैद हुने र त्यस्तो अशक्त महिलालाई जबर्जस्ती करणी गरेकोमा ऐ ऐनको दफा ३(क) बमोजिम थप ५ वर्ष कैद र प्रतिवादीबाट पीडितलाई रू. १०,०००।- क्षतिपूर्ति समेत भराई दिने।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम्।

८

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६४ सालको फौ.पु.नं.CR-०६६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. विनोदप्रसाद रौनियार*

प्रतिवादीलाई पीडितले स्वस्फुर्त उत्तेजित पार्ने कार्य गरेको भन्ने नदेखिनुका साथै प्रतिवादी र पीडितबीच राति वादविवाद झगडा भई सुतेपछि बिहान मृतक निदाइरहेको अवस्थामा सिटौलाले हानेर मारेको भन्ने देखिँदा राति भएको वादविवाद समाप्त भइसकेपछि प्रतिवादीको आवेशको अवस्था समाप्त भएको मान्नुपर्ने हुन आउँछ। प्रतिवादीले बयान गर्दा बिहान पुनः पहिलेको घटनालाई सम्झेर मारेको हुँ भनी बयान गरेको देखिँदा तत्काल प्रतिवादीलाई उत्तेजना गराएको पनि देखिएको, आवेशको अवस्था पनि समाप्त भइसकेको अवस्थामा हत्या गरेको देखिँदा आवेशप्रेरित भन्न मिल्ने अवस्था नभई पूर्व रिसइवी एवं झै-झगडाको कारण मृतकलाई प्रतिवादीले मार्ने मनसायले हत्या गरेको अवस्थामा प्रतिवादी विनोद रौनियारलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः धनबहादुर गुरूङ्ग

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम्।

९

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको CR-०२६३, CR-०३७८, CR-

०१८२, लागू औषध (अफीम), *ऐनबहादुर बुढा वि. नेपाल सरकार, डिलबहादुर खड्का वि. नेपाल सरकार, राजा भनिने इर्शाद खाँ वि. नेपाल सरकार*

लागू औषध ऐन, २०३३ को दफा १२ ले यति ठूलो परिमाणको लागू औषध बरामद भएकोमा अन्यथा भएको भए त्यसको प्रमाणको भार प्रतिवादीहरूमा रहने हुँदा त्यस्तो अवस्था पुष्टि गर्न यी प्रतिवादीहरूले नसकेको हुँदा डिलबहादुर खड्का र प्रतिवादी राजा भन्ने इर्सादं खाँलाई लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ) को (३) बमोजिम १५ वर्ष कैद र रू. पाँचलाख जरीवाना हुने ।

प्रतिवादी ऐनबहादुर बुढालाई सोही ऐनको दफा १७ को कसूरमा सोही दफाबमोजिम ७१/२ (सात वर्ष ६ महिना वर्ष कैद र दुई लाख पचास हजार जरीवाना तथा बरामद गरिएको U 44 H ३१५१ नं. को टाटा गाडी ऐनको दफा १८ बमोजिम जफत समेत हुने ।

इजलास अधिकृतः विष्णुप्रसाद अवस्थी

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०६८ साल असार २९ गते रोज ४ शुभम् ।

१०

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६७ फौ.पु.नं.CR-१४५, फौ.पु.नं. CR-०२९९, कर्तव्य ज्यान, *बाबुलाल कुमाल वि. नेपाल सरकार, नेपाल सरकार वि. वीरबहादुर कुमाल*

प्रत्यक्षदर्शी मृतकको छोराछोरीको बकपत्रबाट निज प्रतिवादी नीरप्रताप भन्ने नीरबहादुर कुमालले गरेको बयानमा सत्यता रहे भएको देखिन आएन । अर्कोतर्फ घटनास्थलमा नै रहेका यी प्रतिवादीले उही घरमा यत्रो ठूलो घटना घट्दा मृतक र छोराछोरी चिच्याउँदा निस्कने स्वाभाविक आवाजहरू समेत निज प्रतिवादी नीरबहादुर कुमालले थाहा पाएनन् होला भनेर कल्पना गर्नु सामान्य समझभन्दा बाहिरको कुरा हुन जान्छ । यी प्रतिवादी नरबहादुर कुमालको संलग्नता नभएको भए निजउपर किटानी जाहेरी पर्ने थिएन भने निजकै छोराछोरीले किटानीपूर्वक बकपत्र गनुपर्ने थिएन । तसर्थ यी प्रतिवादीलाई अभियोग दावीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

११

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या. श्री तर्कराज भट्ट,** २०६६ सालको CR-१७७, CR-००७५, कर्तव्य ज्यान, *पठान नेपाली वि. नेपाल सरकार, नेपाल सरकार वि. पठान नेपाली*

पुनरावेदक प्रतिवादी पठान नेपालीले मृतक श्रीमती कुमली नेपालीलाई छोराछोरीलाई ओछ्यानमा नसुताएको कारणबाट तत्काल उठेको रिसको कारण दाउराले प्रहार गरेको र सोही चोटबाट मृत्यु हुन गएको देखिएको, मृतकको ज्यानै लिने मनसायपूर्वक पूर्व तयारी र योजनाका साथ मृतकमाथि छोडेको स्थिति नदेखिएको र धारिलो एवं जोखिमी हतियार आदिको प्रयोग पनि भएको नदेखिएको हुँदा प्रतिवादी पठान नेपालीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १० वर्ष सजाय हुने ।

इजलास अधिकृतः भोलानाथ ढकाल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०६८ साल साउन १८ गते रोज ४ शुभम् ।

१२

**मा.न्या. श्री सुशीला कार्की र मा.न्या.प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको CR-०४९४, भ्रष्टाचार, *दानबहादुर शाही वि. नेपाल सरकार*

राष्ट्रसेवकले वा राष्ट्रसेवकको पद वा ओहदाप्राप्त गर्ने सिलसिलामा पेश गर्ने प्रत्येक लिखतबाट भौतिक रूपले लाभ लिएको देखिनु पर्ने भन्ने होइन । समग्रमा ओहदा पाउने वा पदमा बहाल रहने उद्देश्यले शैक्षिक योग्यतासँग सम्बन्धित अभिलेखहरू पेश गरेकोसम्म देखिनुपर्ने ।

यी प्रतिवादीले ना.सु. पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश, इलाहावाद, भारतबाट सन् १९९७ मा अनुक्रमाङ्क १८५९७७३ बाट हाइस्कूल तहको परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएको र सो नक्कली प्रमाणपत्र समेतको आधारमा बढुवा भएको देखिन्छ । यसबाट निजले पेश गरेको नक्कली शैक्षिक प्रमाणपत्रबाट तत्कालै पनि भौतिक रूपले फाइदा उठाइसकेको समेत देखिन्छ । जबकि त्यसबाट त्यस्तो कुनै खास फाइदा

नउठाए पनि नक्कली प्रमाणपत्र पेश गर्नु स्वयम्मा नै भ्रष्टाचारजन्य आपराधिक कार्य हुने ।
इजलास अधिकृतः विद्याराज पौडेल
इति संवत् २०६८ साल साउन ३१ गते रोज ३ शुभम् ।

१३

**मा.न्या. श्री वैद्यनाथ उपाध्याय र मा.न्या. श्री कमलनारायण दास,** २०६६ सालको फौ.पु.नं. ०५५७, लागू औषध खैरो हेरोइन, *निकेश भण्डारी वि. नेपाल सरकार*

लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ अनुसार कसैसँग लागू औषध फेला परेमा सो अवैध होइन भनी प्रमाण पुऱ्याउनु पर्ने दायित्व निजकै हुने व्यवस्था भएकोमा सेवन गर्न ल्याएको हो भनी पुनरावेदक प्रतिवादीले जिकीर गरे पनि त्यतिका परिमाणमा लागू औषध बोकी हिँड्नुपर्ने कुनै औचित्य देखाउन नसकेको र उपचारमा रहेको कुनै प्रमाण समेत पेश भएको नपाइएकोले सेवनको प्रयोजनको पुष्टि हुन सकेको नदेखिने ।

मिसिल प्रमाणबाट पुनरावेदक प्रतिवादीले ५० ग्राम हेरोइन खरीद गरी बिक्री गरी बाँकी रहेको २७ ग्राम हेरोइनसहित पक्राउ गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ) र (च) को कसूर गरेको अधिकारप्राप्त अधिकारीसमक्ष भएको साविती बयान, परीक्षण प्रतिवेदन र प्रतिवेदक प्र.स.नि. केदार खरेलको बकपत्र समेतका शंकारहित तथ्ययुक्त ठोस आधारहरूबाट पुष्टि भएको हुँदा अभियोग दावीबाट सफाइ पाउन नसक्ने ।
इजलास अधिकृतः कमलराज विष्ट
कम्प्युटरः शम्भुप्रसाद शाह
इति संवत् २०६८ साल असार २२ गते रोज ४ शुभम् ।

१४

**मा.न्या. श्री ज्ञानेन्द्रबहादुर कार्की र मा.न्या. प्रा.डा. श्री भरतबहादुर कार्की,** २०६६ सालको दे.पु.नं. ०३८३, निषेधाज्ञा, *शुभकलादेवी समेत वि. गुठी संस्थान शाखा कार्यालय, महोत्तरी समेत*

न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम निषेधाज्ञाको आदेश पुनरावेदन अदालतले जारी गर्न सक्ने व्यवस्था भए पनि गुठी संस्थान कार्यालयको कुन कामकारवाही यी पुनरावेदकहरूको कुन कानून प्रदत्त हकाधिकारमा आघात पुग्ने सम्भावना रहेको हो भन्ने कुरा पुष्टि हुन सकेको छैन । कानूनी रूपमा दावीका जग्गामा हक स्थापित भएको नभै केवल कबुलियत गरी ठेक्कामा कमाएको भन्नेसम्म देखिई ठेक्काको अवधिभर करारीय हकसम्म देखिएकोमा सो अवधि समेत हाल व्यतीत भैसकेको देखिँदा यस्तो अवस्थामा निषेधाज्ञाको क्षेत्राधिकारबाट यस अदालतले हस्तक्षेप गर्न नमिल्ने ।
इजलास अधिकृतः चुरामन खड्का
कम्प्युटरः प्रेमबहादुर थापा
इति संवत् २०६८ साल वैशाख २२ गते रोज ५ शुभम् ।

- यसै प्रकृतिको २०६६ सालको दे.पु.नं. ०३८२, निषेधाज्ञा मिश्रित परमादेश समेत, *विष्णुदेवी शाह समेत वि. गुठी संस्थान शाखा कार्यालय, महोत्तरी समेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## एकल इजलास

१

**मा.न्या. श्री कल्याण श्रेष्ठ,** ०६८-WO-०१५९, उत्प्रेषण परमादेश समेत, *रीता काफ्ले वि. भौतिक योजना तथा निर्माण मन्त्रालय समेत*

कर्मचारीलाई प्राप्त हुने बिदाहरू निजहरूका अधिकारको विषयभन्दा पनि सहुलियतको विषय हो । बिदा पाउनु पर्ने भन्ने निवेदकको माग स्वाभाविक भए पनि के कुन कानूनको व्यवस्थाअनुसार निवेदकले तलवी अध्ययन बिदा पाउने पर्ने हो सो प्रष्ट खुलाउन सकेको पाइदैन । निवेदकले जिकीर लिएको नि.से.नि.को नियम ६१(१) र १(ख) बमोजिमको बिदा पाउनु पर्ने भनी दावी गरे पनि उक्त नियमको व्यवस्थाबमोजिमको छात्रवृत्ति आफूले प्राप्त गरेको हो भनी निवेदकले देखाउन सक्नुपर्नेमा सो गर्न सकेको पाइँदैन । तलवी अध्ययन बिदा पाउने आफ्नो अधिकार रहेको र उक्त अधिकारमा भौतिक योजना तथा निर्माण मन्त्रालयको निर्णयले आघात पारेको भनी प्रष्ट देखाउन नसकेसम्म रिट आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमा नै खारेज हुने ।
इजलास अधिकृतः बिमल पौडेल
कम्प्युटरः सरस्वती पौडेल
इति संवत् २०६८ साल भदौ १२ गते रोज २ शुभम् ।